# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष १० अङ्क १२ पूर्णाङ्क ४३८ २०८२ असोज ६ गते सोमबार Monday 22 Sept;, 2025 पृष्ठ ८ मूल्य रू. १०।-


## कम्युनिस्ट एकतासम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न



❑ **गिनिज बुढा**

काठमाण्डौ। नेपाल कम्युनिस्ट पार्टीको आयोजनामा काठमाण्डौको अनामनगर स्थित संवाद डवलीमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। अन्तरक्रियाको विषय "क्रान्तिकारी कम्युनिस्ट एकता, आजका राष्ट्रिय आवश्यकता" रहेको छ। कार्यक्रमको अध्यक्षता नेकपाको *बाँकी ८ पेजमा*

# 'साम्राज्यवाद तथा विस्तारवाद र घरेलु प्रतिक्रियावादका दलालहरुले जेन जी आन्दोलनलाई हाइज्याक गरे'

## 'देशको सार्वभौमिकताको रक्षा, प्रतिगमनप्रति सतर्कता र भ्रष्टाचार, महंगी तथा कालोबजारीका विरुद्ध केन्द्रित भई आ–आफ्ना विशेषता अनुसार राजनीतिक हस्तक्षेप र संघर्षका कार्यक्रम जारी राख्नु पर्दछ'

काठमाडौं। नेपालको कम्युनिस्ट आन्दोलनमा अविचलित रूपमा सर्वहारावर्गीय क्रान्तिको वकालत गर्दै आएको क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले भदौं २३ र २४ को नवयुवा विद्रोहका विषयमा सूक्ष्म विश्लेषणका आधारमा स्पस्ट दृस्टिकोण अगाडि सारेको छ।

हालै पार्टीको भुर्चुअल पोलिटब्यूरोको सम्पन्न बैठकले पारित गरेको 'राजनीतिक दस्तावेज'मा भनिएको छ, युवाहरूको न्यायपूर्ण आन्दोलनमाथि गरिएको अनावश्यक र नृशंस दमनपछि आगजनी, तोडफोड तथा लुटपाटका घटनाहरू घटाइए। यो प्रक्रियामा स्थितिको दुरूपयोग गरी साम्राज्यवाद तथा विस्तारवाद र घरेलु प्रतिक्रियावादका दलालहरूले आन्दोलनलाई हाइज्याक गरे। इमान्दार र देशभक्त जेन-जेड पुस्ता आन्दोलनबाट कट्दै जाने र जेन-जेडका नाममा तिनै भ्रष्टाचारी र राष्ट्रघातिहरू हावी हुने स्थिति पैदा हुँदै गयो। फलतः आन्दोलनलाई गलत दिशातर्फ मोडी प्रतिगमनका लागि वातावरण बनाउन थालियो।"



जेन-जी आन्दोलनलाई प्रतिगामी, यथास्थितिवादी, भूराजनीतिका हिसाबले विभिन्न कोणबाट विश्लेषण हुँदै आएको छ। अग्रगामी तथा क्रान्तिकारी दिशानिर्देश हुने गरी क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले जेन जी आन्दोलनका बारेमा गरेको यो विश्लेषण नै तत्कालिक रूपमा सही र वस्तुवादी रहेको देखिन्छ।

***यस्तो छ दस्तावेजको मूल अंश :***

**पार्टीको पोलिटब्यूरो बैठकद्वारा पारित**

*(तात्कालिक राजनीतिक प्रस्ताव, भाद्र २०८२)*

१. देशमा भइरहेको भ्रष्टाचार, बेथिति र सामाजिक सञ्जालमाथि लगाइएको प्रतिबन्धका कारण जेन-जेडका युवाहरूले आह्वान गरेको आन्दोलनले ठुलो विद्रोहको रूप लियो। यसका पछाडि लामो ऐतिहासिक कारण रहेको छ। ०४६ सालको जनआन्दोलन पछि निरंकुश राजतन्त्रकालीन भ्रष्टाचारको अन्त्य हुनेछ भन्ने जनताको अपेक्षा विपरीत नेपाली कांग्रेस र एमाले कालमा भ्रष्टाचार झन मौलायो। जनयुद्धको जग र जनआन्दोलनको बलमा राजतन्त्र समाप्त भएपछि जनताले अब त भ्रष्टाचारको अन्त्य हुनेछ भन्ने आशा गरेका थिए। संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनापछि भस्टाचार नियन्त्रित हुनुको साटो सत्ताधारी पार्टीहरू नेका, एमाले र माओवादीको शासनकालमा भ्रष्टाचारलाई अझ संस्थागत गराउँदै गए।

नेपालमा सत्ता र सरकारमा हालीमुहाली गर्दै आएका राजनीतिक पार्टीका नेताहरू, सेना तथा प्रहरी र अदालत लगायत सम्पूर्ण नोकरशाही तन्त्रको नेतृत्व पंक्तिमा रहेका कर्मचारीहरू भ्रष्टाचार तथा नातावाद एवम कृपावादमा चुर्लुम्म डुबेका छन्। शासक वर्गको सानो समुहले वैभवशाली जीवन विताइरहेको छ भने देशको क्रियाशील युवा पंक्ति हातमुख जोर्नकै लागि वैदेशिक रोजगारीमा जान बाध्य छन्। युवाहरूले देशमा कुनै भविष्य देखेका छैनन्। यो स्थितिका कारण सरकारको नेतृत्व गरेका पार्टीहरू मात्र होइन जुनसुकै राजनीतिक *बाँकी ७ पेजमा*

## असोज ३ संविधान दिवस




काठमाडौं। असोज ३ गते संविधान दिवश मनाइएको छ। बिहान ८:३० बजे काठमाण्डौ सैनिक मञ्च टुँडिखेलमा राष्ट्रपति रामचन्द्र पौडेलको प्रमुख आतिथ्यतामा सरकारले संविधान दिवसको आयोजना गऱ्यो। समारोहलाई नवनियुक्त प्रधानमन्त्री सुशीला कार्कीले सम्बोधन गरेकी थिइन्। समारोहमा जेन्जी जेन्जी नेता बालेन साहको समेत उपस्थिति थियो। देशको विषम परिस्थिति बताउँदै यस पटक कुनै झाँकी बिना अन्य तडकभडक बिना र आकाशमा हेलिकप्टर नउडाइकन सामान्य रूपमा *बाँकी ७ पेजमा*

# क्रान्तिकारीहरूबीचको एकता अत्यावश्यक : श्रीस

काठमाडौं। क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका स्थायी समिति सदस्य राम सिंह श्रीसले क्रान्तिकारीहरू बीचको एकता अत्यावश्यक रहेको बताउनु भएको छ।

लोक नारायण सुवेदीले नेतृत्व गरेको नेकपाद्वारा राजधानीको संवाद डबलीमा आयोजित अन्तर्क्रिया कार्यक्रममा श्रीसले सो विचार प्रकट गर्नु भएको हो।

'क्रान्तिकारी कम्युनिस्ट एकता आजको रास्ट्रिय आवश्यकता' विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै श्रीसले देशमा क्रान्तिकारीहरू बीचको एकता अत्यावश्यक भएपनि सबै अटाउने साँझा कार्यक्रम आभाव रहेको बताउनु भयो। उहाँले कतिपय अवस्थमा कार्यक्रम नमिल्दा पनि भावनामा बगेर एकता हुने र कतिपय बेला कार्यक्रम साझा हुँदा पनि एकता नहुनुले देशमा क्रान्तिकारी शक्ति कमजोर भएको बताउनु भयो।



नेपाल कम्युनिस्ट पार्टीका संयोजक लोकनारायण सुवेदीले नेपालका क्रान्तिकारी कम्युनिस्टहरूले परम्परागत शैलीलाई परिवर्तन गर्नुपनर्पे अवस्था आएको बताउनु भयो। देश र जनताले नेपालका क्रान्तिकारीहरू एक भएको हेर्न चाहेको र वर्तमान आवश्यकता पनि त्यही भएकोले आफूहरूले साझा एजेण्डा बनाएर एकतालाई अगाडि बढाउनु पर्ने धारणा राख्नु भयो।

वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीका कार्यालय सदस्य जाग्रित रायमाझीले क्रान्तिकारी कम्युनिस्टहरूबीच एकता अत्यावश्यक भएपनि नेताहरूको निजी स्वार्थले त्यसलाई रोक्ने गरेको बताउनु भयो। रायमाझीले नेपालका कम्युनिस्टलाई कमजोर बन्नुमा नेताहरू जिम्मेवार रहेको बताउँदै भन्नु भयो, "समयमा ओली अहंकार र प्रचण्ड घमण्डले क्रान्तिकारी कम्युनिस्टहरूलाई थप कमजोर बनाएका छन्।" रायमाझीले पुँजीवादी भूमण्डलीकरणले विश्वका कम्युनिस्टहरू कदमकदमा अबरोध गरेको सन्दर्भमा विज्ञान र प्रविधिलाई उत्पादनमा जोड्ने र सोहीअनुसार कम्युनिस्टहरूले आफूलाई परिमार्जित गरे मात्रै देश परिवर्तन हुने उहाँको भनाई थियो।

नेपाल कम्युनिस्ट पार्टीका वरिष्ठ नेता नारायणप्रसाद शर्माले कम्युनिस्टहरूबीच एकताको मुख्य बाधक भनेको नीतिभन्दा नेतृत्व प्रधानता भएको बताउनु भयो। नेकपा मसालका प्रवक्ता रामप्रकाश *बाँकी ७ पेजमा*

# समसामयिक विषयमा महत्वपूर्ण राजनैतिक भेट



काठमाण्डौ। क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल र नेकपा (मसाल)का नेताहरूबीच वर्तमान राजनैतिक विषयमा महत्वपूर्ण भेटघाट भएको छ। क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका कार्यबाहक महासचिव सीपी गजुरेल , स्थायी समिति सदस्य सन्तबहादुर नेपाली र नेकपा (मसाल) का नेता भैरव रेग्मीकाबीचमा २०८२ असोज ३ गते महत्वूर्ण राजनैतिक भेटघाट सम्पन्न भएको छ। क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको कार्यालय कुपण्डोलमा भएको भेटघाटमा जेन्जी आन्दोलनपछि देशमा उत्पन्न परिस्थिति र निकासबारे महत्वपूर्ण छलफल भएको छ।

दुवै पार्टीका नेताहरूले जेन्जी आन्दोलनपछि संसद विघटन ,सुशीला कार्की नेतृत्वको सरकार गठन हुनु देशमा प्रतिगमन भएको भन्दै *बाँकी ७ पेजमा*

# राजनैतिक घटना र अपराध छुट्टयाएर बिश्लेषण गर्नुपर्छ – क्रान्तिकारी कम्युनिस्ट पार्टी नवलपरासी

**जेनजी आन्दोलनमा संसदवादी पार्टीभित्रको कलह र सुरक्षा कमजोरीका कारण जिल्लामा धेरै भौतिक क्षति**





नवलपरासी। क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल नवलपरासीले जेनजी प्रदर्शनका क्रममा जिल्लामा भएका घटनालाई राजनैतिक प्रकृति र आपराधिक प्रवृति गरेर छुट्ट्याएर बिश्लेषण गर्नुपर्ने बताएको छ। घटनाका बारेमा छलफल गर्न शनिबार जिल्ला प्रहरी कार्यालयमा आयोजित राजनीतिक *बाँकी ४ पेजमा*

# जेनजी आन्दोलन र भावी राजनीति

१) यथास्थितिमा मुलुक रहन सक्ने अवस्था थिएन

२०६२/६३ को ऐतिहासिक जनआन्दोलनपछि सरकारमा बसेका संसदवादी पार्टीहरूले गरेका भ्रष्टाचार, नातावाद, कृपावाद र विकास विरोधी हर्कतले अर्थात् उनीहरूले गरेका कुशासनले गर्दा मुलुक यथास्थितिमा रहन सक्ने अवस्था थिएन। जनता यी राजनीतिक पार्टीहरूबाट निराश थिए र परिवर्तन खोजिरहेका थिए। यसैबीच भदौ २३ गते एउटा ठूलो दुर्घटनाको मञ्चन गरियो। सरकारले गरेको सामाजिक सञ्जालमाथिको प्रतिबन्ध हताइयोस् भन्ने सामान्य माग राखेर सडकमा आएका युवा विद्यार्थीहरूमाथि सरकारले बर्बर आक्रमण गरेर १९ जना विद्यार्थीको ज्यान लियो र ४०० भन्दा बढीलाई घाइते बनायो। त्यो जघन्य अपराध थियो। त्यो दिन नेपालको राजनीतिक इतिहासमा एउटा कालो दिन दर्ज भयो। तर त्यो अपराधीहरू घटना घटेको २४ घण्टा नबित्दै आन्दोलन देशव्यापी फैलियो र त्यसले ओली सरकारको पत्तासाफ पाऱ्यो। यथास्थिति त तोडियो तर अव मुलुकको राजनीतिले कुन बाटो लिनेछ, सबैको चिन्ता र चासो हुनु स्वाभाविक छ। हामी यसै विषयमा चर्चा गर्नेछौं।

२) एउटा आगोको झिल्कोले जंगल नै डढाउन सक्छ

पाकिस्तानको तत्कालीन प्रधानमन्त्री जुल्फी अलिकर भुट्टोलाई सैनिक सरकारले फाँसी दिएको विरोधमा २०३५/३६ सालमा नेपालमा शुरु भएको विद्यार्थी आन्दोलनलाई दमन गर्दा आन्दोलन देशभरी फैलियो र त्यसले पंचायती व्यवस्थालाई निर्दल र बहुदलको



● सीताराम तामाङ ●

कठघरामा उभ्यायो। अन्ततः २०४६ सालको जनआन्दोलनले पंचायती *बाँकी ४ पेजमा*

## सम्पादकीय

# जेन-जी आन्दोलनको भूराजनीति

बदलिदो विश्व व्यवस्थामा अमेरिकी एक ध्रुवीय व्यवस्थाको अन्त्य हुँदै बहुध्रुवीय विश्वव्यवस्थाको उदय भएको छ। अमेरिका अहिले पनि आफ्नो एक ध्रुवीय विश्वव्यवस्थालाई कायम राख्न भएभरको शक्ति लगाइरहेको छ तर अब त्यो सम्भव देखिएको छैन। अमेरिकाको अहलिको प्रमुख प्रतिस्पर्धी मुलुक चीन हो। अमेरिकाले घोषित रूपमै चीनलाई 'प्रमुख दुश्मन' किटान गरेको छ। उसले चीनको बढ्दो विश्वव्यापी प्रभावलाई रोक्ने रणनीति बनाएको छ। उसको विदेश नीति यसै उद्देश्यबाट निर्देशित रहेको छ। अमेरिकाले विश्वव्यापी रूपमा दिइने ऋण, अनुदान, सहायता, लगानी तथा अन्य सबै गतिवधि त्यही विदेश नीतिकै अंगहरू हुन्। अमेरिकाले आफ्नो बर्चस्व कायम गर्न- प्रजातन्त्र, मानव अधिकार, सुशासन, स्वतन्त्रता लगायतका विषयलाई मुख्य हतियारको रूपमा प्रयोग गर्दै आएको छ। र, यिनै विषयहरूको आवरणमा चीनलाई कसरी कमजोर पार्न सकिन्छ, चीनलाई कसरी रोक्न सकिन्छ भन्ने उद्देश्यबाट विभिन्न गतिविधिहरू हुने गरेका छन् । विशेषगरी चीनसँग सिमा जोडिएका, चीनका छिमेकी मुलुकहरूबाट चीनविरोधी गतिविधिहरू बढाइरहेको छ। नेपालमा पनि विभिन्न आवरणमा अमेरिकाले चीनविरोधी गतिविधिलाई अगाडि बढाइरहेको छ। ती गतिविधिहरूलाई अझ सबल र प्रबल रूपमा अगाडि बढाउन आफ्नो स्वार्थनुकूलको सरकार निर्माण गर्न पछिल्लो जेन-जी विद्रोहको रचना गरिएको भूराजनीतिक विश्लेषकहरूको ठहर छ।

अमेरिका चीन र भारत दुवैलाई घेरा हाल्न र रोक्न नेपालमा आफ्नो बलियो उपस्थिति चाहन्छ। एमसीसी परियोजना हिन्द प्रशान्त रणनीतिको अभिन्न अंग हो। विश्वका धेरै देशमा खारेज गरिएको एमसीसी नेपालमा निरन्तरता दिनुको मुख्य उद्देश्य नै चीनको बिआरआई परियोजना कार्यान्वयनलाई नेपालमा रोक्नु र नेपालमा चीनको प्रभावलाई शुन्यमा पुऱ्याउनुका साथै नेपाली भूमि पूर्णरूपमा चीन र भारतका विरुद्ध प्रयोग गर्न अनुकूल हुने खालको आफ्नो 'पपेट' सरकार निर्माण गर्न चाहन्छ। जुन केही हदसम्म जेन-जी आन्दोलनबाट सफल भएको पनि देखिन्छ। २०१९ देखि नै नेपाली सेना अमेरिकाको स्टेट पार्टनसिप प्रोग्राममा संलग्न हुनु र त्यसयता इन्डो प्यासिफिक मिलिटरी संयुक्त तालिम, बैठक तथा सम्मेलनहरूमा नेपाली सेना निरन्तर रूपमा सहभागी हुनु। एसपीपीमा संलग्न राष्ट्रहरूलाई दिइने स्काई ट्रक लगायत सैन्य उपकरणहरू नेपाली सेनालाई निरन्त रूपमा उपलब्ध गराउँदै आउनु। र, नेपालमा पनि अमेरिकी-नेपाली सेनाको संयुक्त तालिमहरू लगातार आयोजना गरिनु आदि गतिविधिले गम्भीर भूराजनीतिक भूमरी खडा गरिदिएको छ। त्यसका अतिरिक्त नेपालमा फ्रि तिब्बत मुभमेन्टलाई प्रोत्साहित गर्न आरसी दिने र मानव अधिकारको विषय अमेरिकाले निरन्तर रूपमा उठाउने गरेको छ। पछिल्लो जेन-जी आन्दोलनको अन्तर्यमा अमेरिकाको सिआइएले चलाएका संस्थाहरूको फण्डिङ रहेको र फ्रि तिब्बत मुभमेन्टको समेत संलग्नता रहेको देखिएकोले स्थितिलाई अझ गम्भीर बनाइदिएको छ। सुशिला कार्की नेतृत्वको सरकारलाई दलाई लामा, निर्वासित सरकारका प्रमुख र सभामुखले लाइन लागेर बधाई र शुभकामना दिनु, अमेरिकाको विदेश मन्त्रीले पनि वर्तमान सरकारलाई सहयोग गर्ने बताउनु र विभिन्न एनजिओ, आइएनजिओ, अमेरिकी एम्बेसीको युथ काउन्सील, विकास तथा सहयोग परियोजनाहरू, पिस कर्पसमार्फत् सामाजिक आन्दोलनहरूमार्फत् अमेरिकाले नेपालको सूक्ष्म व्यवस्थापन गर्न थालेको पृष्ठभूमि नै जेन-जी आन्दोलनको प्रमुख भूराजनीतिक सावल बन्न पुगेको छ। अमेरिकाले नेपालमा सामाजिक सञ्जालहरू, विभिन्न मिडिया, बौद्धिक समुदाय, बहुरास्ट्रिय कम्पनी, नागरिक समाजलाई आफ्नो स्वार्थ अनुसारको भाष्य निर्माण गर्न परिचालन गरेको छ। र, सोही अनुसार भाष्य निर्माण पनि भइरहेको छ।

त्यसैगरी नेपालको आन्तरिक मामिलामा विगत ७५ वर्षदेखि सूक्ष्म व्यवस्थापन र हस्तक्षेप गर्दै आएको भारत पनि नेपालमा चीनको बिआरआई परियोजनाहरू कार्यान्वयनमा अवरोध सिर्जना गर्न र नेपालमा आफ्नो प्रभावलाई कायम राख्न चाहन्छ। लिम्पियाधुरा-लिपुलेक-कालापानीसहितको राजनीतिक तथा प्रशासनिक नक्साको नेपाली बैधानिकतालाई अन्त्य गर्ने, संविधान संशोधन गर्ने, त्यसका लागि ओली नेतृत्वको सरकारको विकल्प लामो समयदेखि खोजी गर्नु, र विभिन्न विकल्पहरूमा निरन्तर विपक्षी दलहरूसँग छलफल गर्नु र नेपालमा सत्तारुढ एमालेका विरुद्ध क्याम्पिङ गर्नु आदिले पनि जेन जी आन्दोलनलाई मलजल गरेको बुझ्न गाह्रो छैन। नेपाललाई हिन्दु गणतान्त्रिक देश बनाउन आरएसएस लगायत भारतीय धार्मिक संघ संगठनका गतिविधिलाई तीव्र पार्नु, रास्ट्रिय एकता अभियान जस्ता संस्थाहरूलाई चीनका विरुद्ध गतिविधि सञ्चालन गर्न परिचालन गर्नु, भारतीय खुफिया एजेन्सी रअले निरन्तर रूपमा राजनीतिक नेतृत्व तथा कर्मचारी प्रशासनदेखि सुरक्षा प्रशासनमा समेत माइक्रोमेनेजमेन्ट गर्नु, विशेषगरी राजनीतिक र कर्मचारी प्रशासनको क्षेत्रमा मनोवैज्ञानिक सन्त्रास पैदा गर्नु र नेपालका राजनीतिक पार्टीका निश्चित नेता कार्यकर्ता, कर्मचारी, प्रशासन, सुरक्षा निकाय, नागरिक समाज, मिडिया, बुद्धिजीवी, प्राज्ञिक क्षेत्र लगायतमा आफ्ना एजेन्टहरू तयार पार्नुले नेपालको स्वतन्त्रता र स्वाधीनता, सार्वभौमिकता र क्षेत्रीय अखण्डताको रक्षा कति चुनौतीपूर्ण छ भन्ने स्पस्ट रूपमा देखाएको छ। यो स्थितिलाई सूक्ष्म विश्लेषण गर्दै भूराजनीतिक चुनौतीको शान्दार सामना गर्ने र नेपालको नयाँ जनवादी क्रान्तिलाई गन्तव्यमा पुऱ्याउने स्पस्ट रणनीतिक र कार्यनीतिका साथ क्रान्तिकारी कम्युनिस्टहरू अगाडि बढ्न जरुरी छ।


परिवर्तनको सम्वाहक




सत्यतथ्य निष्पक्ष खबर तथा

विचारका लागि सधैं हेर्नै र पढ्नै गरौं।

www.moolbato.com


# संसदीय राजनीतिको असफलता र कम्युनिस्ट एकताका कुरा



● डा. केशव देवकोटा ●

नेपालमा संसदीय राजनीतिको असफलता र कम्युनिस्ट एकताका कुरा धेरै पहिलेदेखि हुँदैआएका थिए। जसले पछिल्ला हप्ताहरूमा धेरै चर्चा पाएको देखिएको छ। क्रान्तिकारी कम्युनिस्ट पार्टी, नेपालले संसदवादी राजनीति संकटमा परेको ठहरगर्दै सही क्रान्तिकारी शक्तिलाई समेटेर अगाडि बढ्ने निर्णय गरेको छ। सो पार्टीको हालै भएको राजनीतिक परिषद (पीवी)को चारदिने भर्चुअल बैठकमा उपरोक्त बिषयमा लामै छलफल भएको भन्ने कुराहरू बाहिर आएका छन्। सो पार्टीले गतबर्ष नै नेपालमा जनसंविधान र जनगणतन्त्रको स्थापना हुनुपर्ने मागलाई अगाडि सारेको थियो। त्यसैगरी नेपाल कम्युनिस्ट पार्टीले गत शनिबार काठमाडौंमा गरेको 'क्रान्तिकारी कम्युनिस्ट एकता आजको रास्ट्रिय आवश्यकता' विषयक अन्तरक्रियामा बोल्ने प्रायः सबै कम्युनिस्ट पार्टीका नेताहरूले बिद्यमान राजनीतिक ब्यवस्था असफल भएकाले अब कम्युनिस्ट पार्टीहरूका बीचमा बृहत् एकता गरेर नयाँ ढंगले अगाडि बढ्नुपर्ने बिचार ब्यक्त गर्नुभएको थियो। सो अन्तर्क्रियामा आफूलाई कम्युनिस्ट बताउने एमालेका अध्यक्ष केपी ओलीको अहंकार र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालको घमण्डले क्रान्तिकारी कम्युनिस्टहरूलाई थप कमजोर बनाएको मूल्यांकनसमेत गरिएको थियो। त्यसैगरी नेकपा मसालले अन्य कम्युनिस्ट पार्टीका नेताहरूसँग छलफल अगाडि बढाएको छभने कम्युनिस्ट केन्द्र बनाउने लगायतका प्रयासहरू पनि थालिएका छन्। पछिल्ला प्रशंगहरूले नेपालको कम्युनिस्ट आन्दोलनकाबारेमा बिहङ्गम समीक्षाको आवश्यकता देखाएका छन्। सार्बजनिक भएका पछिल्ला कतिपय तथ्यांकहरूअनुसार नेपालमा हाल २० वटा कम्युनिस्ट समूहहरू अस्थित्वमा रहेको देखिएको छ। जसमध्ये एमाले, माओवादी केन्द्र र एकीकृत समाजवादी खुलेरै संसदीय राजनीतिमा होमिएका छन्भने संसदमा रहेर पनि नेमकिपा र राजमोले आआफ्नो पृथक अडान कायम राखेका छन्। त्यसमा पनि राजमोले संसदीय सरकारमा यसअघि उप प्रधानमन्त्रिसम्मको पदमा सहभागिता जनाईसकेको इतिहास छ। पछिल्लो समयमा क्रमशः नेकपा मसालनै खुलेर संसदीय राजनीतिमा आउने संकेतहरू पनि देखिएका छन्।

अन्य कतिपय बाम समूहहरू संसद बाहिर रहेपनि संसदीय राजनीतिमा रमाइरहेका कम्युनिस्ट पार्टीहरूकै वरपर घुम्नेगरेको देखिएको छ। जस्तो गत केही महिनाअघि भएको साम्राज्यवाद बिरोधी प्रदर्शनमा भएको सहभागिताले स्पस्ट गरेको छ। जसमा सहभागी माओवादी केन्द्रले यसअघि आफूले सरकारको नेतृत्व गरेको अवस्थामा नेपालमा बिवादास्पद अमेरिकी योजना एमसीसी भित्र्याउन, रुस-युक्रेन युद्धमा युक्रेनको पक्षमा मत ब्यक्त गरेर अमेरिका नेतृत्वको सैन्य संगठन नेटोको पक्षमा उभ्याउन र इजरायल प्यालेस्टाइन युद्धमा प्योलेस्टाइनको बिपक्षमा रहेर पनि नेटोकै निकट देखाउन प्रमुख भूमिका निर्वाह गरेको थियो। प्यालेस्टाइनलाई त औपचारिक रूपमै 'आतंककारी' घोषणा गरिएको थियो। नेटोको प्राथमिक उद्देश्य युरोपमा तत्कालीन सोभियत संघको विस्तार रोक्नु थियो। त्यसबेला रुससहितका कम्युनिस्ट गणतन्त्रहरूले सोभियत संघको गठन गरेका थिए। यसरी नेपालमा कतिपय समूहले कम्युनिस्ट पार्टीको आबरणमा छद्मभेषी गतिबिधि गर्दैआएका छन्। खासमा नेपालमा संसदीय बहुदलीय ब्यवस्थाको पुनर्स्थापना भएपछिबाटै कम्युनिस्ट पार्टीहरूमा बिभिन्न किसिमका द्विबिधा र भ्रमहरू बढिरहेको देखिएको छ। नेपालमा संसदीय ब्यवस्था अन्तर्गतको सत्ता छभने कम्युनिस्ट आन्दोलन पनि त्यसकै वरिपरी घुमिरहेको अवस्था छ। कतिपयले त संसदीय राजनीतिको सुख सुबिधाको पनि उपयोगगर्ने र यसलाई खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने ब्यवस्थाभन्दै गाली गलोजगर्ने दोहोरो चरित्र पनि प्रदर्शन गरिरहेका छन्। कतिपय कम्युनिस्ट पार्टीहरू संसदीय राजनीतिमा रहेका छन्भने कतिपय संसदीय राजनीतिको बिरोधमा रहेका छन्। दुबैकाबीचमा केही भ्रम र अप्ठेराहरू पनि छन्। जसको छिनोफानो आजको प्रमुख आवश्यकता भएको छ। ००६ सालमा स्थापना भएको नेकपा र ०४६ सालको आन्दोलनले स्थापना गराएको संसदीय बहुदलीय ब्यवस्थाको अन्तर्बिरोध र अन्तर सम्बन्धकाबारेमा निर्मम छलफल नभएसम्म उपरोक्त समस्याको कारण पत्तालगाउन सकिँदैन। ७६ वर्षको नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासको सिंहाबलोकनगरी अबको आन्दोलनको ठीक दिशा तयगर्नु जरुरी देखिएको छ। यदि नेपालमा नेपाल कम्युनिस्ट पार्टी र कालन्तरमा त्यसबाट बिभाजित बिभिन्न समूहहरूले रास्ट्रिय स्वाधीनताको पक्षमा लगातार संघर्ष गरेको भए आज जे जसरी साम्राज्यवादी हस्तक्षेप बढिरहेको छ, त्यो अवस्थामा बढ्न पाउने थिएन।

नेपालको रास्ट्रिय स्वाधीनता जे जति बचेको छ, त्यसलाई जोगाउनका लागि पनि साम्राज्यवादीहरूको प्रभावमा रहेका कम्युनिस्ट समूहहरूको भण्डाफोर आजको प्रमुख आवश्यकता भएको छ। नेपालमा कम्युनिस्ट आन्दोलनको सही ढंगले विकास हुनसकेको भए यसअघिनै जनगणतन्त्रको स्थापना भैसकेको हुने थियो। हाल नेपालमा स्थापना भएको गणतन्त्र नाममात्रको हो। जसलाई कतिपय स्थापना गराउने समूहहरूलेनै बुर्जुवा गणतन्त्र भएको खुलाशा गरिसकेका छन्। त्यसैले कम्युनिस्ट पार्टीको आवरणमा भएका संसदीय गतिबिधि र साम्राज्यवादपरस्त कामहरूको भण्डाफोर नगर्दासम्म भ्रमको पर्दा उघ्रिने कुनै संभावना छैन। कम्युनिस्ट पार्टीहरूले शुरुदेखिनै धार्मिक स्वतन्त्रताको पैरवीगर्दै आएका हुन्। ०७२ को संविधानमा धर्मनिरपेक्षता उल्लेख पनि गरिएको छ। यद्यपि स्पस्टीकरण खण्डमा धर्मनिरपेक्षता भनेको सनातनदेखि चलिआएको धर्म, संस्कृतिको संरक्षण बताएर धर्मनिरपेक्षताको मर्मलाई विकृत पनि गरिएको छ। यता ब्यवहारमा धर्म निरपेक्षताको आडमा नेपालमा बहुसंख्यामा रहेका हिन्दूहरूलाई खुइल्याउँदै क्रिष्चियनका गतिबिधिलाई बढाउने काम पनि एकसाथ भैरहेको छ। ०६२ मंसिर सातगते भारतको नयाँ दिल्लीमा १२ बुँदे सहमति गरेर संसदीय राजनीतिमा छलाङ मारेकाहरूले ल्याएका संघीयता, जातीय समाबेशी, धर्मनिरपेक्षता र समानुपातिक सहितको मिश्रित निर्वाचन प्रणाली साम्राज्यवादीका एजेण्डा भएको बिभिन्न घटनाक्रमहरूबाट स्पस्ट गरेका छन्। नेपालमा उक्त कुराहरूको प्रबेश ०६३ पछि नेपालको शान्ति प्रक्रियालाई अगाडि बढाउन आएका संयुक्त राष्ट्रसंघका प्रतिनिधि इयान मार्टिनमार्फत गराइएको रहस्य पनि खुलिसकेको छ। नेपालका कतिपय संसदवादी कम्युनिस्ट पार्टीहरूमा बर्गीय चेतनाको विकास र बर्ग संघर्षका कुराहरू बिस्तारै हराउँदै गएका छन्। नेपाली कम्युनिस्ट आन्दोलनले जनता र कार्यकर्तामा बर्गीय चेतनाको विकास गराउन छोडेको देखिएको छ।

सामन्ती शोषणका विरुद्ध लामो बर्गसंघर्ष चलाएको यो पंक्ति हाल किन र कसरी बिचलित हुनपुग्यो ? त्यो पनि खोजीको बिषय छ। नेपालमा सामन्ती शोषण अझै समूल नस्ट हुननसकेको अवस्था। अन्धविश्वास र रुढिवादका अवशेषहरू अझै पनि कायम रहेका छन्। प्रगतिशील संस्कृति निर्माणमा अवरोध सिर्जना भएको छ। नयाँ जनवाद र समाजवाद केवल नारामा सीमित हुनपुगेका छन्। त्यसमा पुग्ने लक्ष्लाई भेट्न नसक्नु नेपालको कम्युनिस्ट आन्दोलनको मुख्य कमजोरी रहेको छ। जब आफूलाई कम्युनिस्ट बताउने समूहहरू संसदीय सरकारमा जानथाले तब रास्ट्रिय स्वाधीनताको मुद्धासमेत कमजोर बन्दैगएको देखिएको छ। सत्ता स्वार्थका लागि विदेशी शक्ति केन्द्रहरूसित उनीहरूले आत्मसमर्पण गर्दैगएको पनि देखिएको छ। नेपालमा दक्षिणपन्थी अवसरवादकासाथै उग्रवामपन्थी अवसरवाद पनि साथसाथै मौलाएको देखिन्छ। कतिपयले त पार्टीको नाम कम्युनिस्ट राखे पनि मार्क्सवादको नामसमेत लिन छाडेका छन्। जस्तो एमालेले आफूलाई सैद्धान्तिक नभएर पपुलिस्ट अर्थात नाममात्रको कम्युनिस्ट पार्टी भनेको छभने सो पार्टीबाट बिभाजित भएर बनेको एकीकृत समाजवादीले माओवादको खुलेर बिरोध गरेको छ। एकीकृत समाजवादीलगायतका केही बाम समूहहरू खुलेरै नेपाली कांग्रेस निकट बन्ने अभ्यासमा निरन्तर लागिरहेका छन्। उनीहरूले मार्क्सवादको ठाउँमा अवसरवादलाई अपनाउँदै गएको देखिएको छ। जनवादी केन्द्रीयताकोसमेत काफि हदसम्म दुरूपयोग भएको छ। त्यसैले कम्युनिस्ट पार्टीहरूमा आश्चर्यलाग्दा टुटफुट र बिभाजनका श्रृंखलाहरू चल्नेगरेका छन्। नकारात्मक पक्षहरूलाई त्याग्ने र सकारात्मक पक्षलाई समाउँदै नेपाली कम्युनिस्ट आन्दोलनलाई सही दिशामा लैजाने प्रयत्नगर्नु आजको अर्को कार्यभार भएको छ।

आफूलाई सही कम्युनिस्ट धारमा रहेको ठान्ने पार्टीहरूका लागि गलत बाटोमा गैरहेको आन्दोलनलाई सच्याउनु प्रमुख दायित्व भएको छ। सबैले बुझेको कुरा होकि हाल देशमा पूँजीवादी गणतन्त्रसहितको संसदीय व्यवस्था बिद्यमान रहेको छ। त्यो पनि गत भदौ २३ र २४ को घटनाले गंभिर संकटमा परेको छ। गणतन्त्र नाममात्रको छभने पूँजीवादी गतिबिधिहरू अत्यधिक देखिएका छन्। विश्वमा संसदीय व्यबस्थाको जननी बेलायतलाई मानिन्छ। हाल कतिपयले बिद्यमान राजनीतिक ब्यवस्थाको जननी अमेरिकालाई बनाउन खोजी रहेका छन्। भनिन्छ बेलायतमा लर्डहरूको सभा, सल्लाहकार सभा थियो। त्यही सभा कालान्तरमा संसदीय प्रणालीमा विकसित भएको हो। संसदीय प्रणालीलाई संसारमै वेस्ट मिनिस्टर मोडेल पनि भन्ने गरिन्छ। जुन मोडलमा राष्ट्रप्रमुख संवैधानिक र प्रधानमन्त्री कार्यकारी हुन्छ। पछिल्लो समयमा कतिपयले कार्यकारी राष्ट्रपति र पूर्ण समानुपातिक निर्वाचन पद्धतिको नारा दिएर नेपालको संसदीय राजनीतिलाई अमेरिकी मोडलमा ढाल्ने प्रयास गरिरहेका छन्। गत भदौ २३ पछिका घटनाक्रमले नेपालमा विदेशी हस्तक्षेप चरमरूपमा बढेर गएको र यस्तै अवस्था रहे नेपालको अस्थित्वनै संकटमा पर्नसक्ने आंकलनसमेत हुनथालेका छन्। त्यसैले देशभक्तिपूर्ण नाराकासाथ कम्युनिस्ट पार्टीहरूकाबीचमा एकता आजको प्रमुख आवश्यकता भएको छ।

# क्रान्तिकारी कम्युनिस्ट पार्टी, नेपालको राजनीतिक परिषदको बैठक सम्पन्न

काठमाण्डौ। क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको राजनीतिक परिषद(पीवी)को बैठक भर्चुअल माध्यमबाट कार्यबाहक महासचिव सीपी गजुरेलको अध्यक्षतामा भाद्र २९ देखि आश्विन १ गते सम्म बसी सम्पन्न भएको छ। क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका कार्यबाहक महासचिव सीपी गजुरेलले असोज ३ गते प्रेस विज्ञप्ति जारी गर्दै सो कुराको जानकारी गराउनु भएको छ। विज्ञप्तिको पूर्ण पाठ यसप्रकार छ -

"क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल केन्द्रीय समितिको राजनीतिक परिषदको अनलाइन बैठक का.वा. महासचिव क. गौरवको अध्यक्षतामा वि.स. २०८२ भाद्र २९ देखि आश्विन १ सम्म सम्पन्न भएको छ। उक्त बैठकले लिएका निर्णयहरू सार्वजनिक गर्न यो प्रेस विज्ञप्ति जारी गरिएको छ।

१) भाद्र २३ र २४ गते घटेका घटनाहरू नेपाली समाजको इतिहासमा सकारात्मक र नकारात्मक दुवै दृस्टिले अविस्मरणीय बन्न पुगेका छन्। पश्चिमा समाजशास्त्री र जनसंख्या विदहरूले मानव जातिको पुस्तालाई ६ भागमा बाँडे अनुसार सन् १९९७ देखि २०१२ को डिजिटल युगमा जन्मेका १३-२८ वर्षसम्मका युवा पुस्ता 'जेन-जेड'को सुनामी विद्रोहले नेपालका संसदवादी राजनीतिक पार्टीहरूलाई भ्रष्ट्राचार, स्वतन्त्रता हनन्, विकृति र विसंगतिकालागि कलंकको टीका लगाउँदै कठोर सजाय दिएको छ, सत्ताच्यूत प्रतिगामी र दलालहरूको ठीक समयमै पहिचान गर्न र क्रान्तिकारीहरूलाई सामाजिक परिस्थितिमा आश्चार्यजनक ढंगले हुने आकस्मिक परिवर्तनलाई प्रतिबिम्बन गर्न गतिशील बन्नुपर्ने चेतावनी दिएको छ।

लामो समयदेखि थुप्रिएको भ्रष्टाचार; शोषित-उत्पीडित नेपाली श्रमजीवी जनताले पूर्ण मुक्तिको आशा गरेको महान् जनयुद्ध र जनआन्दोलनबाट खाएको धोका; नवऔपनिवेशिक आर्थिक-सामाजिक स्थितिले जन्माएको दलाल तथा नोकरशाही पूँजीवाद र त्यसको राज्यव्यवस्था; कहालीलाग्दो बेरोजगारीका कारण विश्व श्रम बजारमा पोखिएको युवा रगत पसिनाद्धारा आर्जित विप्रेषणमा गरिएको शासकवर्ग र म्यानपावर कम्पनीका शाषकहरूको भोजभतेर; शिक्षा, स्वास्थ्य र संचारप्रदायी संस्थाहरूको निजीकरण र ब्रह्मलुट; आकाशिदो कालोबजारी; सरकारी बजेटमा केन्द्रदेखि स्थानीय तहसम्म लुटखसौट; निजामति तथा जंगी अड्डाहरूमा दृश्य तथा अदृश्य भ्रष्टाचार, डिजिटल युगमा सामाजिक संजालमाथि प्रतिबन्ध यो विद्रोहका लागि नियमिततामा जम्मा भएको बारुद हो भने त्यसमा जेनजेड पुस्ताले यतिबेलै आगो झोसिदिनु आकस्मिकता हो। यो विद्रोह इमान्दार स्वतन्त्रताकामी युवाहरूको स्वतस्फूर्त विस्फोटन हो। तर यसलाई मौका कुरेर बसेका साम्राज्यवादी, विस्तारवादी, प्रतिगमनकारी र अवसरवादी तत्वहरूले आ-आफनो निहित स्वार्थमा उपयोग गर्न खोजे।

देशभित्र प्रतिगमनको पल्लाभारी हुनै थालेको बेला साम्राज्यवादी र विस्तारवादीहरू पनि यथास्थितिवादी सम्झौतामा पुगे। हाम्रो पार्टी समग्र युवा पुस्तालाई युवा जोशमा समग्र योजना र भावी परिणामलाई सामना गर्ने तागत विना अघि बढ्नु विनाशलाई निम्त्याउनु हो र हाम्रो शक्तिलाई अनावश्यक बलिदान गर्नु हो भनी सचेत बनाउन चाहन्छ। यसको साथै यो उलटपुलटकारी तागतलाई हार्दिक बधाई दिदै शहादत प्राप्त गर्ने युवाहरूलाई शहिद घोषणा गर्दछ र तिनका परिवारजनप्रति हार्दिक समवेदना ब्यक्त गर्दछ। साथै सही मार्गदर्शक सिद्धान्त, कार्यदिशा र उद्देश्य भएको पार्टीले मात्र शहिदहरूको वास्तविक सपना पूरा गर्न सक्दछ भन्ने तथ्यलाई पुनः स्मरण गर्न चाहन्छ।

२) यो जेनजेड विद्रोहबाट के कुरा पुनर्पुस्टि भएको छ भने बनिबनाउ राज्यसत्ता यथावत राखेर विद्यमान राज्यसत्ताकै सरकारमा जानु भनेको क्रान्ति होइन, यथास्थितिवाद हो। शोषकवर्गको सत्ता शोषितवर्गले ध्वस्त पारेर शोषितवर्गीय अधिनायकत्व कायम गर्नु क्रान्ति हो। राज्यसत्ता भनेकै सरकार हो भन्ने कुरामा जनतालाई भ्रम पारेर नै संसदवादी कम्युनिस्टहरू र काँग्रेसले आजको स्थिति निम्त्याएका हुन्। यो राज्यसत्ताको मेरुदण्ड स्थायी सेना हो भन्ने कुरा पनि पुर्नपुस्टि भएको छ। वि.सं. २०१७ पुष १ मा राजा महेन्द्रको 'कु' पछि बल्ल वि.पी. ले यो कुरा गहिरो गरी महसुस गरेका थिए। हाललाई राष्ट्रपतिको अडान, राज्यसत्ताका विभिन्न निकायमा रहेका प्रगतिशील र देशभक्त पक्षहरू, साम्राज्यवाद र विस्तारवादको अन्तरविरोध तथा सम्झौताले देश यतिबेला यथास्थितिमा अड्केको छ। तर, हाम्रो पार्टी प्रतिगमनको खतरा नटरेको कुराप्रति आम जनतालाई सचेत हुन विशेष आह्वान गर्दछ।

३) अन्ततः हाम्रो पार्टीको राजनीतिक परिषदले दलाल तथा नोकरशाही पूँजीवादी अर्थव्यवस्थामाथि उभिएको सरकारको विकल्पमा वामपंथी, देशभक्त र क्रान्तिकारी जनवादी पार्टी, समूह र व्यक्तित्वहरूको रास्ट्रिय राजनीतिक सम्मेलन गर्ने, त्यो सम्मेलनबाट संयुक्त मोर्चा निर्माण गरी जनसंघर्षमा जाने र त्यो जनसंघर्षका प्रक्रियामा स्वाधीन संयुक्त सरकार निर्माण गर्दै जनगणतन्त्रात्मक संविधानतिर अघि बढ्ने नीति पारित गरेको छ। यस आधारमा कार्यगत एकता र संयुक्त मोर्चा निर्माण गर्ने नीति लिइएको छ।

हाम्रो पार्टी आम जनसमुदायलाई के कुरा स्मरण गराउँछ भने हामीले गत असार ५ गतेदेखि भ्रष्टाचारविरोधी अभियान सञ्चालन गर्दै आएका छौं। जेन जेड युवाहरूको प्रमुख मुद्दा पनि यही थियो। हामी यो अभियान जारी राख्नेछौं र रास्ट्रियता, जनतन्त्र र जनजीविकाका जल्दाबल्दा मुद्दाहरूलाई लिएर देशव्यापी जनसंघर्षका कार्यक्रम तय गरेर अघि बढ्दैछौं। आम जनसमुदायको सक्रिय सहभागिताको लागि विशेष आह्वान गर्दछौं।"

# Hamas-Israel War and the Genocide in the Gaza Strip



● Pari Thapa ●

***Historical Background***

The historical background of the conflict in the Palestinian territories is very long, and at its

center is the famous historical and religiously important city of Jerusalem. That conflict began as a Crusade in 1095 and continued for about 150 years up until 1249. During that time Christians from Europe (especially Western Europe) repeatedly attacked and occupied

Jerusalem. The main reason for that conflict was the occupation of the city of Jerusalem, which is considered a holy place by the three different offshoots of the Abrahamic religions:Christianity, Islam, and Judaism. Among these three religions, Christianity and Judaism have a close relationship, as their Old Testament is almost identical. Therefore, the Crusades were essentially a war between two sides, Christianity and Islam. Currently, the eastern part of Jerusalem is predominantly Muslim or Palestinian, and the western part is principally Israeli and Jewish, and both sides claim it as their capital. US President Donald Trump controversially declared Jerusalem the capital of Israel during his previous term, and a large majority of the UN member states voted against it (128 to 9).

***The establishment of the State of Israel***

The Nazi regime, led by German dictator Adolf Hitler (1889-1945), had already begun a campaign to expel Jews as anti-social elements since 1933, before the start of World War II. However, the mass deportation of Jews and the massacre (Holocaust) reached their peak during the years 1941-1945, a few years after the start of World War II. Britain, on the other hand, had begun preliminary work since 1917 by promising to facilitate the establishment of a"national home" for Jews within the borders of Palestine. As the process of establishing a separate state for Jews progressed, Israel (formally known as the State of Israel) was finally established on May 14, 1948. And a year after the establishment of the State of Israel, it was recognized as a member of the United Nations on May 11, 1949. After the establishment of Israel, Jews living in the diaspora in various countries around the world came to Israel and settled there. The father of the current Israeli Prime Minister, Benjamin Netanyahu, came to Israel from Poland.

Western countries, especially the United States, played a significant role in the establishment of Israel. After the end of World War II, the power and influence of Western European countries such as the United Kingdom, France, and Spain, which had previously been established as major colonial powers, weakened. The United States and the Soviet Union, then the world's superpowers, emerged as such because they played a leading role in ending World War II bydefeating the leading countries of the war, including Germany and Japan. Despite being allies in World War II, the United States and the Soviet Union began competing for world domination to establish new colonies. In such a situation, the United States wanted to fulfill its interests by keeping the petroleum-rich region of West Asia (Middle East) as its sphere of influence. For this purpose, the United States desperately needed a satellite state to play a supporting role, and this need could be fulfilled through Israel.

***Involvement of the United States***

Israel has received extensive military and diplomatic support from the United States.

Similarly, the United States has repeatedly vetoed resolutions presented at the United Nations regarding the Hamas-Israel ceasefire. The United States has provided Israel with extensive military, economic, and diplomatic support, as well as directly intervening in the war. In the process, 100 American soldiers were deployed to operate the Terminal High Altitude Area Defense (THAAD) system, a high-tech air defense system. In addition, American pilots flew drones over Gaza to provide Israel with information. This work was done to find the whereabouts of Palestinian militant leaders and hostages in Gaza. Israeli government spokesman David Menashe said that Israel's March 18, 2025, attack on Gaza was "fully coordinated with Washington" and thanked the Trump administration for "their strong support for Israel."

The North Atlantic Treaty Organization (NATO) was a military alliance formed primarily to serve the security interests of the United States and Western European countries in the North Atlantic region. Although Israel is not officially a member of the military alliance, most of its members, especially the United States, have maintained close relations as very crucial allies and friends. In other words, it is no exaggeration to say that Israel is a shadow or extension of American imperialism. The current US President, Donald Trump, himself is warning the Western European countries that are members of the North Atlantic Treaty Organization (NATO) that the US cannot afford to pay for their security. However, in the case of Israel, he has left no stone unturned and no grass unturned in providing full economic and military support. US President Donald Trump has not only said that Gaza residents should be displaced and resettled in neighboring Arab countries, but that the US should also take over Gaza. In this way, to the extent that the US has supported Israel,this war should be called the joint war of the US and Israel.

***The Role of Iran***

In the context of the conflict between Palestineand Israel, Iran's role cannot be ignored. Iran craves to establish itself as the first major regional power and has been formulating a strategy accordingly. The US has succeeded in ending the hostile relations between Israel and other Arab countries, including Saudi Arabia, and establishing friendship between them. However, Iran and Israel consider each other enemies; the main reason for this is that Iran does not recognize Israel as a country or nation. Iran's declared policy is to end the existence of Israel and establish an independent Palestinian state.

Since Iran and Israel do not share a border, they are not close neighbors, so there is no direct war between them. Iran does not want to get involved in a direct war because, in that case, the US would come forward with all its might to protect Israel. Therefore, Iran wants to wage a proxy war against Israel through its allied organizations. For that, Iran has been supporting militant groups such as Hezbollah in Lebanon Houthis in Yemen, and Hamas in Palestine, and engaging them in the war against Israel. Before the overthrow of Syrian dictator Assad and his flight to Russia, Iran's role was also in favor. Thus, the war between Palestine and Israel is a war, however, fought between the world imperialist power, America, and the regional power, Iran.

***The suffering of the Palestinian people***

The greatest suffering and pain of the Palestinian people is their inability to achieve the recognition of a sovereign, independent Palestinian nation/state with geographical integrity in their homeland. According to the agreement signed between Israel and the Palestine Liberation Organization (PLO) in Oslo, Norway, on September 13, 1993, the Palestinian National Authority was established on May 13, 1994, with partial non-military (civilian) powers delegated from the Israeli administration. On November 19, 2012, the United Nations granted the Palestinian National Authority the status of a non-member observer state. Although the majority of the members of the United Nations have voted in favor of granting full membership to the State of Palestine, this has not been possible due to the US's veto.

The current situation of Palestine is one nation-state in two territories, with the State of Israel, which contains an area of 21,937 square kilometers, sandwiched between the two territories. To the east is the West Bank, which covers an area of about 5,640 square kilometers and has a population of 2,747,943, and to the west is the Gaza Strip, which covers an area of 365 square kilometers and has a population of 2,351,000, on the eastern shore of the Mediterranean Sea. Initially, the Gaza Strip was also controlled by the Palestinian National Authority (State of Palestine), but after the elections held in 2006, it has been under the control of Hamas. However, both Palestinian territories remain under Israeli control.

Contradictions between the Palestine Liberation Organization (PLO) and Hamas The Palestine Liberation Organization (PLO) was founded on May 28, 1964, and its main component is Fateh, and nine other groups are included. Hamas (Islamic Resistance Movement) was founded on December 10, 1987, after splitting from the Muslim Brotherhood. It is reported that it also has a militant force of 20 to 25 thousand fighters. The basic conflict between these two organizations is that the PLO recognizes the existence of the State of Israel and is in favor of maintaining peaceful relations with Israel.

Similarly, it wants to establish an independent and sovereign Palestinian state through the process of a two-state solution. In addition, the PLO refuses to be a proxy corps of Iran. In contrast, Hamas rejects the existence of Israel and acts as an ally of Iran. In terms of formal international recognition, the PLO is more established than Hamas. Since 2007, the bitterness between these two parties began, and due to the intolerance and hostility between them, one cannot exist in the area of influence of the other. As a result, they are unable even to work together and cooperate in the struggle against Israel. The existence of a serious disharmony between them is an advantage for Israel.

***The war between Hamas and Israel***

The Israeli counterattack began after crimes, and that Israel has committed genocide in Gaza. The genocide committed by the state of Israel was assessed by the International Court of Justice. The International Criminal Court has issued arrest warrants for Israeli Prime Minister Benjamin Netanyahu, Israeli diplomat andformer military officer Yoav Galant, and the head of the Palestinian militant group Izz al-Din al-Qassam, Mohammed Deif. The arrest warrant was withdrawn after Mohammed Deif was killed. The first ceasefire between Hamas and Israel was reached on November 24, 2023, and the second on January 18, 2025, through thefacilitation and mediation of the Arab state of Qatar. However, neither of these ceasefires has been implemented in good faith, and the war continues to this day, causing loss of life and property. Due to the support and involvement of other world powers and regional powers, the war has also affected more countries in the region.

Israel is primarily responsible for the physical destruction and genocide in Gaza. However, Hamas's tactics are also blamed for the civilian population, especially women and children, becoming victims of war in large numbers. The tactics Hamas has adopted in its war against Israel are known as the Victim Card Policy. According to this policy, they focus their attacks on residential areas, and Israel retaliates by targeting them. As a result, a large number of civilians, women, and children are unexpectedly killed. Hamas is said to be trying to discredit Israel and garner sympathy for its cause. Similarly, another strange aspect has also been seen, that is, even after the Israeli attack onGaza, which has caused such destruction and genocide that it has almost turned into an open grave, none of the neighboring Arab countriesseems ready to accept the war-affected Palestinian citizens from the Gaza Strip there as refugees. In this case, it might be assumed that Hamas has adopted a policy of not allowing the war-affected people of Gaza to go to neighboring countries as refugees, and that the war-affected people themselves have a psychology that makes them not want to leave Gaza. But it is not possible to pronounce what the truth is about this. Despite the heinous attacks and oppression being carried out by Israel, the fighting spirit of the Palestinian people living in the Gaza Strip, who continue to fight to defend their land with indomitable courage, is commendable.

The ongoing two and a half year long war between Hamas and Israel and the destruction and genocide it has caused in the Gaza Strip must be seen and understood in the overall context of the above historical and political phenomena. The entire justice-loving masses of the people of the world must protest and condemn in the strongest possible terms the attack, atrocities, and genocide committed by Israel on the Palestinian territory of Gaza and its people at the national and international levels. We must not only stand in favor of ending the ongoing war in Gaza and establishing peace, but also firmly support the natural right of the entire Palestinian people to establish a sovereign and independent state with their national independence. Since the struggle waged by the Palestinian people as a whole is for the attainment of their legitimate rights, that struggle is just. Therefore, the victory of their just struggle is inevitable. It would be most desirable to express our best wishes to all the Palestinian people for their speedy success on the path to that just victory.

– Author Pari Thapa has written this article on PALESTINE.This second edition of the ICOR Online Magazine PALESTINE is published on the occasion of Nakba Day, held on May 15, 2025, a day of international action and memory. In this issue, various ICOR member organizations present their views.

*(By, General Secretary, RUFN Revolutionary United Front of Nepal)*

# इच्छुकको शालिक तोडफोड गरेर हटाइएकोमा प्रतिष्ठानको विरोध

**इच्छुक सांस्कृतिक प्रतिष्ठान**
स्था : २०६३
काठमाडौँ, नेपाल

का.जि.का. द.नं. ५०५/०६४/०६५
स.क.प.आ.नं.२४८२८/०६४/०६५
पान नं. : ३०३०४७५३५
का.म.न.पा-३२, घट्टेकुलो, काठमाडौं

प.सं.
च.नं.

मिति : २०८२/०५/३१

**प्रेस वक्तव्य**

नेपालमा लामो समयदेखि जनतामाथि शोषण दमन र अत्याचार गरी हलिमली गर्दै आएको सामन्तवादका विरुद्ध नेपाली क्रान्तिकारी योद्धाहरूले २०५२ सालदेखि जनविद्रोहको शङ्खघोष गरे । आफ्नो अकण्टक सत्तामाथि खतरा आइपरेपछि राज्यले हजारौं निर्दोस जनताको हत्या गऱ्यो । सयौंलाई बेपत्ता पाऱ्यो । यिनै दिनहरूमा २०५९ जेठ १३ गते कवि पत्रकार एवम् सर्वहारा सांस्कृतिक चिन्तक कृष्ण सेन 'इच्छुक'लाई महेन्द्र पुलिस क्लवमा चरम यातना दिएर हत्या गऱ्यो । महान् सहिद कृष्ण सेन इच्छुकको त्याग, समपर्ण र बलिदान एवम् वैचारिक प्रतिवद्धतालाई स्थापित गराउन र उहाँले देखाएको मार्गलाई अवलम्वन गर्नुपर्ने मान्यतामा दाङको राप्ती गाउँपालिका स्थित भालुवाङ बजारको मुख्य चोकमा स्थापना गरिएको इच्छुकको शालिक तोडफोड गरी हटाइएको दृष्यले हामीलाई क्रूद्ध बनाएको छ ।

शासनसत्तामा हलिमली गरेर निरङ्कुशता थोपर्ने सत्ताका विरुद्ध जेन जी (Gen – Z) को आह्वानमा गरिएको भनिएको आन्दोलनका क्रममा पश्चगामी, निरङ्कुस फासिवादी शक्ति र वैदेशिक शक्तिकेन्द्रबाट घुसपैठ गराइएका अराजक जत्थाहरूबाट गणतन्त्र तथा लोकतन्त्रका निम्ति त्याग, समपर्ण र बलिदान दिएका महान् सहिद इच्छुक एवम् राजनीतिक योद्धा व्यक्तित्वहरू पुष्पलाल श्रेष्ठ लगायतका नेताहरूको शालिक स्तम्भ तोडफोड गर्नुका साथै गणतन्त्र सथापनार्थ योगदान दिएका विभिन्न नेतृत्वका आवास तथा पार्टी कार्यालयहरूमा आगजनी, तोडफोड र लुटपाट जस्ता जघन्य आपराधिक कार्य गरिएकोमा उक्त कार्यको जति नै निन्दा र भ्रत्सना गरेपनि पुग्दैन । मुलुकमा गरिएको यस प्रकारका क्रियाकलाप कुनैपनि न्यायप्रेमि जनताका निम्ति सैह्य हुँदैन । तसर्थ यस प्रकारका घटनाहरूको सत्यतथ्य छानविन गर्न उच्चस्तरीय न्यायिक आयोग गठन गरी दोषीमाथि कडाभन्दा कडा कारवाही गर्न सरकारसमक्ष अनुरोध गरिन्छ ।

हिरामणि दुःखी
अध्यक्ष

काठमाडौं । यही भदौ २३ र २४ गते भएको जेन जेडको आन्दोलनका क्रममा जनयुद्धका महान् सांस्कृतिक सहिद कृष्ण सेन इच्छुकको दाङ भालुवाङ बजारमा स्थापना गरिएको शालिक पश्चगामी तथा प्रतिक्रियावादी शक्तिका घुसपैठिया जत्थाद्वारा तोडफोड गरी हटाइएकोमा एच्छुक सांस्कृतिक प्रतिष्ठानले घोर निन्दा र भ्रत्सना गरेको छ ।

प्रतिष्ठानका अध्यक्ष हिरामणि दुःखीद्वारा आज जारि प्रेस वक्तव्यमा इच्छुक, पुष्पलाल श्रेष्ठ लगायतका सहिद तथा योद्धा नेताहरूको शालिक फोडेर हटाउनुका साथै लोकतन्त्र तथा गणतन्त्र प्राप्तिका लागि लडेका नेताका निवास एवम् पार्टीका कार्यलयहरूमा गरिएको आगजनीको विरोध गरिएको छ। वक्तव्यमा यस प्रकारको कार्यको उच्चस्तरीय छानविन आयोग गठन गरी दोषीलाई कडा कारबाही गर्न माग गरिएको छ ।

# अखिल नेपाल मगर राष्ट्रिय मुक्ति मोर्चा नेपालद्वारा श्रद्धाञ्जली तथा समवेदना व्यक्त




काठमाडौं । अखिल नेपाल मगर राष्ट्रिय मुक्ति मोर्चा नेपाल केन्द्रीय समितिको उपाध्यक्ष तेज कुमारी थापामगर तथा लोकेन्द्र थापामगर, श्रीप्रसाद थापामगर, लालमती राना मगर, ईन्द्रा तरामु मगर र पुष्पा सारु मगरका ममतामयी आमा मन कुमारी थापामगर द्ण्डद्दाण्छाद्दद्ध गते ठद्ध बर्षको उमेरमा दुखद निधन भएकोले हाम्रो सङ्गठन केन्द्रीय समिति लगायत सिङ्गो सङ्गठनका सदस्यहरू स्तब्ध भएका छौ। यस दुखद घडीमा मृतक आमा प्रति हार्दिक भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल संपूर्ण आफन्त परिवार जनमा हार्दिक समवेदना व्यक्त गरिएको छ ।

# पत्रकार शाक्यलाई एमाले नेता बस्नेतले दिएको धम्कीप्रति पत्रकार महासंघको आपत्ति





काठमाडौं । समाचारको विषयलाई लिएर पत्रकार टेकमान शाक्यलाई नेकपा एमालेका नेता महेश बस्नेतले दिएको धम्कीप्रति पत्रकार महासंघले आपत्ति जनाएको छ । शनिबार महासचिव रामप्रसाद दाहालद्वारा जारी विज्ञप्तिमा पत्रकारलाई धम्की दिने यस घटनाका महासंघले निन्दा र भर्त्सना गर्ने उल्लेख छ ।

समाचारको विषयलाई लिएर महेश बस्नेत र उनको नाम लिएर अन्य केही व्यक्तिले बारम्बार ज्यानै लिनेसम्मका धम्की दिएको पत्रकार शाक्यले बताएका छन् । नेप्लिज टाइम्स डटकमका कार्यकारी सम्पादक शाक्यलाई शुक्रबार बिहानदेखि बस्नेत र उनको समूहले फोन र म्यासेजमार्फत धम्की दिएको थियो ।

बस्नेत स्वयं र उनका सहयोगी व्यक्तिले आतंकित पार्ने र त्रसित बनाउने गरी धम्की दिएको घटनाप्रति ध्यानाकर्षण भएको महासंघले विज्ञप्तिमा जनाएको छ । घटनाबारे महासंघ प्रतिष्ठान प्रदेश समितिले पनि विज्ञप्ति जारी गरिसकेको छ । 'समाचारको विषयलाई लिएर नेप्लिज टाइम्स डटकमका सम्पादक शाक्यलाई बारम्बार धम्की आएको महासंघ प्रतिष्ठान प्रदेश समितिले जनाएको छ । यो घटनाको महासंघ निन्दा र भर्त्सना गर्दछ । पत्रकार महासंघद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

प्रकाशित समाचारप्रति असहमति भए विधिसम्मत् आफ्ना कुरा राख्न सकिने भन्दै महासंघले पत्रकारलाई धम्की दिएर प्रेस स्वतन्त्रता हनन नगर्न सम्बद्ध व्यक्तिहरूलाई सचेत गराएको छ । साथै, पत्रकारलाई धम्की दिने कार्यमा संलग्नहरूलाई कानुनी कारबाही गर्न सम्बद्ध निकायसँग माग गर्दछ,' महासंघले भनेको छ ।

## राजनैतिक...

दलसहितको सर्वपक्षीय बैठकमा पार्टीका बैकल्पिक केन्द्रीय सदस्य तथा जिल्ला सेक्रेटरी रवि पाण्डेयले यस्तो बताउनुभएको हो । 'जेनजी आन्दोलन भस्ट्रचारको विरुद्धमा सुशासनको पक्षमा उठेको न्यायपुर्ण आन्दोलन हो, अघिल्लो दिन सम्म बिभिन्न पार्टीमा रहेका युवाहरू जेनजी आन्दोलनमा सहभागी भएको तर्फ नजर अन्दाज गर्नुहुदैन । यो आन्दोलन कसरी बिस्फोट हुन गयो ? यसका पृष्ठभुमिमा के के छन् हेरौ, यद्धपि जेनजी आन्दोलनको मुलस्पिरिटलाई सबैले स्विकार गर्नुपर्छ' - युवा नेता पाण्डेयले भने- 'अपराधीहरूको कुनै पनि पार्टी हुदैन, सबै युवालाई सोलोडोलो कानुनी कारवाही होइन, आन्दोलनभित्रको राजनैतिक प्रकृति र आपराधिक प्रवृतिलाई केलाएर सुक्ष्म अनुसन्धान पछि निष्कर्ष निकाल्नुपर्छ । त्यसको सही बिश्लेषण गरेर अपराधीहरूलाई कानुनी कारवाही गरियोस् निर्दोष आन्दोलनकारी युवा कानुनी फन्दामा नपरोस् ।'

उहाँले जेनजी आन्दोलनमा संसदवादी पार्टीभित्रको कलह र सुरक्षा कमजोरीका कारण जिल्लामा धैरै भौतिक क्षति हुन पुगेको तर्फ समेत संकेत गर्नुभयो । जिल्लामा आगजनी र तोडफोडमा संलग्न भएको आरोपमा अहिलेसम्म १६ जना बढी लाई प्रहरीले पक्राउ गरेको छ । कार्यक्रममा नेपाली काँग्रेस, नेकपा एमाले, नेकपा(माओवादी केन्द्र), रास्वपा, एकीकृत समाजवादी, नेकपा(माले) जसपा, लोसपा, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी, मंगोल नेशनल अर्गनाइजेसन, लगायतका पार्टीका प्रमुख तथा प्रतिनिधि पूर्वमन्त्री, प्रदेश सभा सदस्य, पूर्वजनप्रतिनिधि मानवअधिकारकर्मी लगायत संघ संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । बैठकमा बोल्ने राजनीतिक दलका प्रमुखहरूले प्रमाणसहित पक्राउ परेका व्यक्तिलाई कारबाही गर्न र संलग्न भएका व्यक्तिलाई पक्राउ गरेर ल्याउनसमेत प्रशासनलाई आग्रह गरेका थिए ।

## जेनजी...

व्यवस्थालाई नै बढाऱ्यो ।

गतवर्ष बंगलादेशमा विद्यार्थीहरूले नागरिक सेवामा सीमित मानिसलाई रोजगारमा कोटा दिने नीतिको विरुद्ध गरेको संघर्षमा सयौं विद्यार्थीले राज्यका बर्बर दमनमा परी ज्यान गुमाउन परेको थियो । फलतः तत्कालीन प्रधानमन्त्री शेख हसिनाले देश छोडेर भाग्नु परेको थियो । सन् २०२२ मा श्रीलंकामा पनि जनसंघर्षको कारण भ्रष्ट राष्ट्रपति विदेश पलायन भएको थियो ।

करिब एक वर्ष अगाडि नेपालको सर्वोच्च अदालतले कानुन बनाएर सामाजिक सञ्जाल नियमन गर्नु भनेर दिएको आदेश लत्याउँदै त्यसलाई बन्द नै गरिदिएपछि जेनजी पुस्ताले (Generation-Z) त्यसको विरोधमा (सामाजिक सञ्जालमाथिको प्रतिबन्ध खुलाउन) गरेको सामान्य आन्दोलनमाथि ओली सरकारले प्रहरी लगाएर बर्बर आक्रमण गरेपछिको घटनाबाट उसको पतन भएको छ। संसदवादी दलहरू जनताको नजरबाट तिरस्कृत थिए र यो घटनाले त्यसमा भ्mनै आगो फुकिएको छ। संसदीय व्यवस्था नै कठघरामा उभिन पुगेको छ । यो आगो २०६२/६३ को आन्दोलनबाट प्राप्त सीमित उपलब्धि पनि पोलिने त होइन भन्ने चिन्ता प्रबल बनेको छ ।

***के हो जेन जी आन्दोलन र सेनाको भूमिका ?***

संचारमाध्यम अनुसार जेन जी आन्दोनल (Generations z\ Movement) भनेको सन् १९९७-२०१२ मा जन्मिएका (१३-२८ वर्ष उमेरका) युवा पुस्ताको आन्दोलन भन्ने देखिन्छ । यो पुस्ता सामाजिक संजालमार्फत् संगठित भएको देखिन्छ । ओली सरकारले लगाएको सामाजिक संजालमाथिको प्रतिबन्धलाई उनीहरूले वाक् तथा अभिव्यक्ति स्वतन्त्रतामाथि नै प्रतिबन्ध लगाइएको हो भन्ने अर्थमा बुझ्ने वातावरण तयार भयो । त्यही सामाजिक संजालमाथिको प्रतिबन्ध हटाउने माग राखेर जेन जी पुस्ता सडकमा आउनु मूल कारण देखियो । तिनीहरू कुनै वैचारिक रूपमा संगठित शक्तिको रूपमा थिएनन् । तर ओली सरकारले यी निहत्या युवा विद्यार्थीहरूमाथि गरेको बर्बर दमनले २३ गते १९ जनाको ज्यान गयो र ४०० भन्दा बढी घाइते भए । त्यो घटनाले २४ गते फासिवादी ओली देउवा सरकारको विरोधमा उर्लेको जनसागर आन्दोलनले विद्रोहको रूप धारणा गऱ्यो । हिजो विद्यार्थीलाई गोली हान्ने सरकारका प्रहरी निरिह बने । उनीहरू सार्वजनिक सम्पत्ति र सरकारी कार्यालय भवनहरूलाई जोगाउने दायित्वबाट पन्छिएको देखियो । प्रहरी असफल भएको अवस्थामा सेवा अगाडि आउनु पर्दथ्यो तर सेना आएन । सिंहदरबार, सर्वोच्च अदालत, संसदभवन, आदि जल्न दिइयो । २०६२/०६३ सालको ऐतिहासिक जनआन्दोलनबाट प्राप्त जनताको सीमित अधिकार पनि खोस्न चाहाने प्रतिक्रियावादी राख्नहरूले घुसपैठ हुने मौका पाए । जेनजी आन्दोलन, जो सरकारको भ्रष्टाचार र कुशासनको विरुद्ध उठेको थियो, पृष्ठभूमिमा धकेलियो । सेनाले शान्ति सुरक्षाले नेतृत्व लिएको मात्र नभएर नयाँ सरकार बनाउने खेल पनि शुरु गऱ्यो । सरकार निर्माणका लागि आवेदन माग्ने र जंगी अड्डामा 'अडिसन' गराउने काम गऱ्यो । (कान्तिपुर २७ भदौ, २०८२ विशेष सम्पादकीय) राष्ट्रपतिको भूमिका प्रायः शुन्य देखियो । छापामा आए अनुसार २४ भदौमा राष्ट्रपति रामचन्द्र पौडेलकै उपस्थितिमा बसेको सुरक्षा प्रमुखहरूको बैठकमा प्रधान सेनापतिले राष्ट्रपतिलाई 'राजीनामा' माग गरेको थियो ।

कांग्रेस, एमाले, माओवादी केन्द्र लगायतका नेता, कार्यकर्ताहरूले भ्रष्टाचार, नातावाद, कृपावाद अर्थात् कुशासन गरेर ऐतिहासिक जनआनदोलनहरूबाट प्राप्त सीमित अधिकारहरू पनि धरापमा पारे र अन्ततः आफै सुरक्षा खोज्दै सेनाको शरणमा पुगे । जनताको संरक्षणमा बस्नुपर्ने नेताहरूको यो हविगत ! अब सेनाले नेपाली राजनीतिमा प्रत्यक्ष वा परोक्ष प्रभावकारी हैसियत राख्नेछ । सरकार निर्माण र संचालनमा सेनाको यो प्रक्रिया अघि बढ्यो भने मुलुकले अर्कै खतरा मोल्न पर्ने हुन सक्छ । तर यो आन्दोलन पनि राजावादीहरूको भूमिका खासै प्रभावकारी देखिएन ।

२४ भदौ र त्यसपछि देशको सार्वजनिक सम्पत्ति तोडफोड र जलाउने काम हुँदा देशको सेना रमिते बन्यो । खोटाङ, अर्घाखाँची आदि पहाडी जिल्लाहरूमा समेत जेन जीको नाम ठूलठूला जुलुस निस्किए । यी सबै परिघटनाहरू हेर्दा देशी, विदेशी प्रतिगामी शक्तिहरूले लामै समयदेखि यो अभियान संचालन गरिरहेका थिए भन्ने बुझ्न सकिन्छ । ओली सरकारले सामाजिक संजालमाथि प्रतिबन्ध लगाएर त्यसलाई विस्फोट हुने अवसर दियो । फलतः देशको राजनीतिले पश्चगमनतर्फ फर्कने स्थिति बन्यो ।

***नयाँ बनेको अन्तरिम सरकार र त्यसले दिने परिणाम:***

नयाँ बनेको अन्तरिम सरकारले फागुन २१ गते आम चुनावको दिन तोकि विद्यमान संसद भंग गरिएको छ । सैनिकको संलग्नतामा (प्रत्यक्ष वा परोक्ष) हुने यो निर्वाचनमा पुनरुत्थानवादी तत्वहरूलाई अगाडि ल्याउने कोशिस हुनेछ । नेका, एमाले, माके लगायतका भ्रष्टाचारी पार्टीहरू अहिले किनारामा धकेलिए पनि (तिनलाई प्रतिबन्ध लगाइएन भने) संसद पुनर्स्थापनाको मुद्दा उठाएर आम चुनाव हुन रोक्न कोशिश गर्नेछन् । हिजो मात्र गुमेको स्वर्ग फर्काउन उनीहरूले शिरदेखि पैतालासम्मको बल निकाल्ने छन् । जेन जी आन्दोलनले यो व्यवस्थाको विरोध नगरेर संसदवादी पार्टीका नेता कार्यकर्ताले गरेको कुशासनको विरोधको परिणाम आज मुलुक यो अवस्थामा आइपुगेको छ । दक्षिण र पश्चिमा शक्तिहरूले नेपालमा राजनीतिक अस्थिरता खडा गरी धमिलो पानीमा माछा मार्ने गर्दै आएका छन् र भोली पनि गर्नेछन् । यस्तो अवस्था देश र जनताका अग्रगमनका बाधक हुन्छ ।

५) क्रान्तिकारी शक्तिहरूको कार्यभार :

मुलुक यथास्थितिमा चल्न सक्ने अवस्था थिएन, चलेन । सरकारमा बसेका, बसिसकेका संसदवादी नेता, कार्यकर्ताहरूले जनतालाई लुट्नसम्म लुटे, मुलुकलाई नांगो पारे र अप्ठ्यारो आइपरेपछि पुच्छार लुकाएर भागे । यिनका गैर जिम्मेवारीका कारण मुलुक असहजतामा धकेलियो ।

अब मुलुकको राजनीतिले नयाँ कोर्स लिनेछ । राजनीतिले नयाँ कोर्स लिन सक्नेछ । क्रान्तिकारीहरूको लागि परिस्थिति जटिल बन्न सक्नेछ । आउने परिस्थितिको गम्भीरतालाई बुझेर जनगणतन्त्रवादीहरूले संघर्षको कदम चाल्नु पर्नेछ । देशभक्त र जनतन्त्रवादी शक्तिहरूलाई गोलबन्द गर्दै तथा पुनरुत्थानवादी विरुद्ध लड्ने अन्य प्रगतिशील शक्तिहरूलाई पनि मिलाएर शक्ति केन्द्रित गर्नुपर्ने देखिन्छ । शत्रुलाई एकल्याउ र फुटाउको राजनीतिक कार्यनीतिलाई कार्यान्वयन गर्न सक्नु रास्ट्रियता र जनताको पक्षमा हुनेछ र यसले रणनीतिलाई पनि सघाउनेछ ।

# भारतीय विस्तारवाद र नेपालको सार्वभौमसत्ता



● अपत्य शर्मा ●

भारतीय विस्तारवादी शासकहरू बेलायती साम्राज्यवादीका पदचिन्हमा हिंड्दै आएका छन्। भारतीय प्रतिक्रियावादी शासकहरू आफ्ना छिमेकी मुलुकहरूप्रति सधै आक्रमक, हेपाहा नीति अँगाल्दै आएका छन्। भारतीय विस्तारवादी शासकहरूबाट सबैजसो छिमेकीहरू रुस्ट छन् । भारतको प्रतिक्रियावादी शासकहरू विशेष गरेर भारतीय जनता पार्टी अन्ध हिन्दु राष्ट्रवादीको ग्रेटर इण्डियाको सपना छ। यसको अर्थ यो होइन कि यसभन्दा पहिलेका शासकहरू असल थिए। भारतले ऐतिहासिक रूपले सार्वभौमसत्ता सम्पन्न बुद्धिस्ट राष्ट्र १६४२ मा न्याम्गेल वंशले स्थापना गरेको थियो। सिक्किमलाई बेलायती साम्राज्यवादीले १९ सौं शताब्दीमा संरक्षित मुलुक बनायो। भारत स्वतन्त्र भएपछि सिक्किम संरक्षित मुलुक बनायो। भारत स्वतन्त्र भएपछि सिक्किम संरक्षित क्षेत्र रहेको थियो। सिक्किमका राजनैतिक पार्टीका नेताहरूलाई किनेर राजतन्त्र विरोधी विद्रोह १९७० मा गरायो र भारतले हस्तक्षेप गऱ्यो। १९७५ मा भारतले आफ्नो २२ औं राज्य बनायो। भारतको गिद्देदृस्टि सिक्किमका प्राकृतिक स्रोतहरू पानी जंगल तथा प्रमुख खनिज पदार्थहरू तामा, जस्ता, चुनढुंगा, सिसा, चाँदी, डोलोमाइट, ग्राफाइट, अस्बेस्टोस तथा कोइलामा थियो।

भारतीय विस्तारवादी शासकहरूले सिक्किमलाई आफ्नो २२ औं प्रान्त बनाएपछि भुटानलाई पनि आफ्नो मुठीमा पारेको छ। भुटानको अर्थ परराष्ट्र तथा रक्षा भारतको अधीनमा छ। भारतले नेपाललाई पनि भुटानीकरण गर्दै नेपालको अस्तित्वलाई नै समाप्त पार्ने गुरुयोजना बनाएको छ। राणाकालीन नेपालमा बेलायती साम्राज्यवादीको गुलामी गरेर राणाले आफ्नो सत्ता जोगाएका थिए भने त्यसपछि शाहकालीन नेपाल र बहुदलीय व्यवस्थामा पनि नेपालका राजनैतिक पार्टीका नेताहरू बेलायती साम्राज्यवादीका उत्तराधिकारी भारतीय विस्तारवादीका तावेदार नेपाली कांग्रेस तथा कम्युनिस्ट नकावधारी पार्टीहरूले आफ्नो सत्ता जोगाउन आफ्ना मालिकलाई खुशी पार्न नेपालका ठूला नदीनाला सुम्पिसकेका छन्। प्रमोसन भएपछि नेपालका पदाधिकारी पहिला राणाका पालामा रुपियाँ राखेर राणा प्रधानमन्त्रीलाई ढोग गर्ने चलन भए जस्तै भारतीय प्रधानमन्त्रीलाई ढोग भेट गर्न आतुर हुन्छन्, नेपालका प्रधानमन्त्रीहरू ! प्रधानमन्त्री भएपछि।

नेपालका प्रतिक्रियावादी सामन्तवादी राणा शासकहरूले श्री ५ का परिवारहरूलाई पूर्ण रूपमा नियन्त्रणमा राखेर सत्ता चलाएकाले श्री त्रिभुवन राणाहरूको नियन्त्रणबाट मुक्त हुने प्रयासमा थिए। भारतमा भएको बेलायती साम्राज्यवादविरोधी जनसंघर्षले बेलायती साम्राज्यवाद दोस्रो विश्वयुद्धले गर्दा ज्यादै कमजोर भएका र अन्य उपनिवेशहरूमा पनि बेलायती साम्राज्यवाद विरोधी संघर्षले गर्दा भारतबाट हट्न बाध्य भएको थियो। बेलायती साम्राज्यवादीका बफादार उत्तराधिकारी गान्धी नेहरूलाई सत्ता हस्तान्तरण ब्रिटिश शासकले गरे।

भारतमा भएको जनआन्दोलनको प्रभाव नेपालका युवाहरूमा परेर राणाविरोधी आन्दोलन नेपाली कांग्रेसले गऱ्यो। त्यही मौकामा कांग्रेसीसँग गोप्य सम्बन्ध राजा त्रिभुवनले पनि राखेका थिए। त्रिभुवन सपरिवार भारतीय दुतावासमा शरण लिन गएर त्यहाँबाट दिल्ली भारतीय प्लेनबाट गएर ७ फागुन २००७ मा राणा, नेपाली कांग्रेस र राजा त्रिभुवनले हस्ताक्षर गरे। त्यसपछि राजा त्रिभुवन नेपालको राष्ट्र प्रमुखको रूपमा नेपाल फर्के। त्रिभुवनसँगै भारतीय सल्लाहकार गोविन्द नारायण पनि आए। गोविन्द नारायण ज्यादै धूर्त र चलाख थिए। उनी राजा त्रिभुवनको क्याविनेटमा नै बस्थे र नीति निर्माणमा सहभागी भएर हरेक पक्षमा भारतका अनुकूल निर्देशन दिन्थे। गोविन्द नारायण सन् १९५१ देखि १९५४ सम्म नेपालमा बसे। उनको कार्यकुशलता र सक्रियताले गर्दा पछि भारतको गृह र रक्षा सेक्रेटरी पनि भए। राजा त्रिभुवनले आफ्ना मन्त्रीहरूलाई राज्यका सम्बन्धहरू र दस्तावेजहरूबारे गोविन्दसँग सल्लाह लिने निर्देशन नै दिएका थिए। राजा त्रिभुवनले नेपाललाई भारतमा गाभ्ने प्रस्ताव नै नेहरूलाई गरेका थिए।

जुलाई ३१, १९५० मा नेपाल र भारतका बीचमा शान्ति तथा मैत्री सन्धि भएको थियो। काठमाडौंमा भएको उक्त सन्धिमा तत्कालीन प्रधानमन्त्री मोहन शम्सेर राणा र भारतका तर्फबाट राजदुत चन्द्रेश्वर नारायण सिंले हस्ताक्षर गरेका थिए। त्यस सन्धिमा दुवै देशका नागरिक एक अर्को देशमा स्वतन्त्रतापूर्वक आवतजावत गर्ने, बसोबास गर्ने, ठेक्कापट्टा गर्न पाउने र नेपालमा जग्गा जमीन किनबेच गर्न पाउने भनेर उल्लेख छ। त्यसका साथै दुवै देशले एक अर्काको सार्वभौम सत्ता र स्वतन्त्रताको सम्मान गर्नुका साथै आर्थिक, सुरक्षा र सांस्कृतिक सहकार्य गर्ने उल्लेख छ। नेपाल भारत दुवै देशका नागरिकले व्यापार, व्यवसाय, नोकरी गर्न पाउने विशेषाधिकार पाउँछन्। त्यस सन्धिमा नेपालले भारतको स्वीकृति लिएर मात्र अन्य मुलुकहरूसँग हातहतियार किन्न सक्छ र नेपालले भारतको सुरक्षालाई प्राथमिकता दिनुपर्छ।

उपरोक्त शान्ति तथा मैत्री सन्धिले के प्रस्ट पार्छ भने भारतीय विस्तारवादीले कसरी नेपाललाई आफ्नो मुठीमा अठ्याउन उक्त सन्धि गरेको प्रस्ट हुन्छ। नेपालका प्रतिक्रियावादी शासकहरूले दृढतापूर्वक उक्त सन्धि खारेज गर्ने पहल गर्न सकेका छैनन्। नेपालका शासकहरू विशेष गरेर नेपाली कांग्रेसले नेपालको सत्ता समाल्दै आएको छ। नेपाली कांग्रेसले गरेका राष्ट्रघाती सन्धि सम्झौता गरेर नेपाललाई भारतको नदी जोड योजना सफल पार्न नेपालको अमूल्य ठूला साना नदीहरू भारतलाई सुम्पिसके।

नेपाली कांग्रेसले भारतको विहारले दुःखलाई कोशी सम्झौता गरेर नेपालको दुःख र महाविपत्ति निम्त्याएको पहिलो सप्तकोशी बाँध निर्माण गर्न दिएर जघन्य अपराध कोशी सम्झौता गरेर गऱ्यो। नेपाल र भारतले कोशी सम्झौता १९५४ मा गरे। कोशी नदीको बाढी नियन्त्रण, सिंचाई र बिजुली उपलब्ध हुने भनिएको छ। कोशी नदीको बाँध १९५८ र १९६२ मा निर्माण भयो। त्यतिखेर ९९ वर्षका लागि भनिएको थियो। पछि सन् १९६६ को सम्झौता गरेर १९९ वर्षका लागि भारतीय विस्तारवादीलाई जिम्मा लगायो। कोशी सम्झौता भारतका गुल्जारीलाल नन्दाले र नेपालको प्रधानमन्त्री मातृका प्रसाद कोइरालाले सही गरेका हुन्।

***कोशीको बाँधका ५६ ओटा ढोका छन्***

कोशी नदीको बाँध नेपालका दुई जिल्ला सुनसरी र सप्तरी जिल्लामा बाँधिएको छ। यसरी नेपालको भूभाग जलमग्न बनाएर लाखौं नेपाली किसानहरू घरबारविहिन बनाइए। भारतले क्षतिपूर्ति गर्ने भने पनि क्षतिपूर्ति गरेन। बाँध पीडित नेपालीहरूले मुआब्जाका लागि अझै संघर्ष गर्दैछन्। तर पनि पाएका छैनन्। सन् अगस्ट २००८ मा कोशीको पूर्वी बाँध भत्कियो र नेपालीका कोशौं उब्जाउ जमीन कोशीले निल्यो र बाँकी रहेको जमीन बाँढीले बालुवाको बाक्लो तहले पुऱ्यो। त्यसले गर्दा ५३,८०० लाई घरबारविहीन पाऱ्यो। बाँधको संचालन एकलौटी रूपले भारतले गर्छ र बाढी जति नेपाली भूभागमा छाडेर नेपालका किसानहरूलाई दुःख दिइरहेछ। कोशीको बाँधको लम्बाई ११४९ मिटर लामो छ। कोशी बाँधको आयु ३० वर्ष छ। कोशी बाँधको डिजाइन र निर्माण जोसेफ आइण्ड कं. लिमिटेड इन्डियाले गरेको हो। स्मरणीय छः सप्तकोशी बाँधले भारतको विहारका सातवटा जिल्ला सुपौल, सहर्सा, माधेपुरा, पुर्नियाँ, कथियर, अररिया, खगरियामा सिंचाई हुन्छ। बाँधको सिंचाई क्षमता १.५ मिलियन एकड छ। तर नेपालका २३,०० एकडमा मात्र सिचाई हुन्छ। नेपालको कति जमीन भारतले बाँधका लागि भाडामा लियो सो निश्चित तथ्यांक पाइएको छैन। तथ्यांक लुकाउने गलत तथ्यांक दिनु र विस्तारवादी तथा प्रतिक्रियावादीको नीति नै हो। स्मरणीय छः भारत र नेपालका बीचमा गण्डक सम्झौता भयो तर समय सीमा नै छैन अर्थात् अनन्तकालसम्म भारतले अधिकार जमाएर बस्ने।

नेपालका प्रतिक्रियावादी शासकहरूले भारतलाई खुशी पारेर आफ्नो सत्ता जोगाउन जस्तोसुकै राष्ट्रघात तथा गद्दारी गर्नपछि पर्दैनन्। कोशी सम्झौता पछि त्यस्तै गण्डक सम्झौता पन्चेश्वर महाकाली, अपरकर्णाली, सेती आदि सबै ठूला नदीहरू भारतीय विस्तारवादीलाई सुम्पिसके। नेपालका ठूला नदीहरूको पानी विजुलीमा सबै भारतको नियन्त्रण कायम भएपछि नेपाल अन्धकार युगमा प्रवेश गर्नुका साथै पानी र विजुलीका लागि पनि भारतको शरणमा जानुपर्नेछ। किनभने सबै नदीको साँचो भारतसँग छ।

भारतले पानी मात्र होइन, नेपाली जमीन पनि निर्लज्ज तरिकाले अतिक्रमण गर्दै दस गजामा सडक बनाउनु अन्तर्रास्ट्रिय सम्पूर्ण नियम लत्याएर नेपालको सीमामा बाँध बाँधेर नेपाली भूमिलाई जलमग्न बनाउने कामलाई निरन्तरता दिँदै आएको छ। नेपालका २६ वटा जिल्ला भारतसँग जोडिएका छन् र २० ओटा जिल्लामा भारतले अतिक्रमण गर्दै आएको छ। भारतले ६०,००० हेक्टर नेपालको जमीन अतिक्रमण गरेको छ। सन् १९६२ मा भएको चीन भारत युद्धमा भारतका प्रम नेहरूले राजा महेन्द्रसँग कालापानीमा सैन्य राख्न पत्र लेखेर अनुमति मागेका थिए भनिन्छ। चीन भारत युद्ध समाप्त भए पनि लामो समयसम्म पनि गद्दीमा बसेका महेन्द्र र वीरेन्द्रले भारतलाई कालापानीबाट हटाएनन्। यसले महेन्द्र र वीरेन्द्रको खोक्रो राष्ट्रवाद भारतलाई खुशी पारेर आफ्नो निरंकुश पंचायत व्यवस्थालाई जोगाएको प्रस्ट हुन्छ। भारतले २०२० को नयाँ नक्सामा लिपुलेक, कालापानी लिम्पियाधुरालाई आफ्नो भूभागमा देखाएपछि नेपालले विरोध नोट पठाए पनि त्यसलाई बेवास्ता गरेर आफ्नै हो भन्दै आएको छ। सो क्षेत्रमा नक्कली काली मन्दिर काली नदी बनाएर झुटलाई सत्य सावित गरिरहेछ। लिम्पियाधुरा, लिपुलेक कालापानीमा भारतीय विस्तारवादीले ३३५ इस्क्वायर किलोमिटर नेपाली भूमिमाथि कब्जा जमाएर बसेको छ। लिपुलेक आफ्नै हो भनेर विस्तारवादी भारतले चीनसँग सम्झौता गरेर लिपुलेक हुँदै कैलाश मानसरोबर यात्राका लागि समझदारी भएको थियो। हालै २०२५ मा चिनियाँ विदेशमन्त्रीको नयाँ दिल्ली भ्रमणपछि भारत र चीन लिपुलेक सीमा व्यापार खोल्न सहमत भएपछि नेपाली जनमानससमा आक्रोश जगाएको छ। सन् २०१५ मा चीनसँग पनि आधिकारिक आपत्ति जनाइसकेको छ।यसकारण चीन भारत दुवैलाई लिपुलेक लगायत कालापानी लिम्पियाधुरा क्षेत्र नेपालको हो भन्ने प्रस्ट जानकारी छ।

नेपालको चुच्चे नक्सा प्रकाशित गरेपछि त्यसलाई दृढतापूर्वक अन्तर्रास्ट्रियकरण गर्नुका साथै कुटनैतिक प्रयास गर्ने काम नेपालका शासकहरूले नगरेकाले दुवै छिमेकीको नेपाललाई मिचेरै जाने मनसाय प्रस्ट देखिन्छ। यसकारण नेपाल सरकारले आफूसँग प्रशस्त प्रमाणहरू त्यहाँका नेपाली बासिन्दाले नेपाल सरकारलाई तिरो तिरेको, जनगणना २०१५ मै गरेको र १८१६ मा ब्रिटिश इण्डियाले प्रकाशित गरेका नक्सा आदि प्रशस्त प्रमाणहरू भएकाले अन्तर्रास्ट्रिय अदालतसम्म पनि जानुपर्छ।

# जेनजी विद्रोहको जड के हो ?



● देबेन्द्र बस्याल ●

**अहिले देशमा वैदेशिक रोजगारीका कारण समाजमा असहज वातावरणको विकास भएको छ। कैयौं युवाहरुको घरबार बिग्रीएको छ। छोराछोरी टुहुरा भएको छन्। हजारौं महिलाका कोख रित्तिएका छन, सिंदुर पुछिएका छन। सयौं युवाहरु विदेशका जेलमा छन्। प्रत्येक दिन १५ हजार युवा विदेश जान्छन भने प्रत्येक दिन १०/१२ वटा लाश नेपाल भित्रिने गर्दछन। जो युवाहरु विदेश जान्छन् उनीहरुलाई आधुनिक काम गर्ने पद्धतिको विषयमा जानाकारी नै हुँदैन। केवल मुडेवलमा जोखिमूर्ण काम गर्दा युवाहरुको अकालमै ज्यान जान्छ।**

नेपालमा राणा शासन अघि पनि बाइसे/चौबिसे राज्यहरूको चरम शोषण, दमन अन्याय अत्याचारमा पिल्सिएका थिए नेपाली जनता। त्यसपछि झन एकसय चारवर्षे राणा शासनमा देश फस्यो। राणाहरूले गर्न सकेको जालझेल, शोषण दमन, अन्याय, अत्याचार, जातीय विभेद अनेक तिकडम अपनाएर नेपाली जनतालाई जंगली अवस्थामै राखे। त्यतिवेला न स्कुल थिए, न कलेज थिए। जनतालाई पढ्नको लागि स्कुल जाने अधिकार थिएन, प्रतिवन्ध लगाइएको थियो। जनताले न पढ्न पाए, न बोल्न पाए, न आफ्नो देश बनाउन पाए। अधिकारको लागि आवाज उठाउने जनतालाई राणाहरूले चरम यातना, फाँसी र मृत्युदण्ड दिएर दवाउने काम भयो। आफु र नेपाली जनताको हक अधिकारको निम्ति लड्दा लड्दै गंगाला, धर्मभक्त, शुक्रराज लगाएतका कैयौं योद्धाहरूलाई राणाहरूले फाँसी दिएर मार्ने काम गरे। जनताले कन्दमूल खाएर, पशुको जस्तो जीवन गुजारेर पुष्ता हस्तान्त्रण गर्नु सिवाय उनीहरूसँग अरु केही उपाय थिएन। १०४ वर्षे राणा शासनको अत्यको लागि २००७ सालमा युवा, विद्यार्थी, बुद्धिजीवि, भूमिगत रूपमा संचालित र संगठित दलहरूले गरेको आन्दोलनमा राणा शासनको अत्य त भयो तर त्यसलाई नेपाली काँग्रेसका बिपिकोइरला लगायतका नेताहरूले टिकाउन सकेनन्। निरंकुश राणा शासनपछि पुनः राजा त्रिभूवनले राज्यसत्ता हातमा लिएर तानाशाही पंचायती व्यवस्थाको शुरुवात गरे। पंचायती व्यवस्थामा पनि पार्टी खोल्न, बोल्न लेख्न सार्वजनिक ठाउँमा कार्यक्रम गर्न मनाही थियो। ३० वर्षे तानाशाही पंचायती व्यवस्थामा पनि कताकति स्कुल कलेज थिए, विदेशिले बनाईदिएका कलकारखाना थिए, अरु केही थिएनन्। गाउँघरका मानिसहरूले पढ्न पाउँदैनथे। अहिले पनि पचास साठी काटेका कतिपय महिला पुरुषहरूले पढ्न नपाईकन जीवन गुजार्नु परेको थियो। चप्पल थिएनन्, जुत्ता चप्पल नलगाईकन वनजंगल भिरपाखा पखेरा र टाढाको यात्रा गर्नु बाध्यता थियो। ठेसलाग्नु, खुट्टामा काँडा गाडीएर दुःख पाएको संझदा पनि कहाली लाग्छ। अहिलेको जीवन र उतीवेलाको जीवनमा आकाश पातलको फरक थियो। जीवन पशुको जस्तै थियो। रोईरोई जीवन काटेका थिए मानिसहरूले।

तानाशाही पंचायती व्यवस्थाको अन्त्यको लागि २०४६ सालमा पुनः जनआन्दोलन भयो। थुप्रै आन्दोलनकारीहरू मारिए, जेलपरे तर अन्तमा राजासँग काँग्रेस बाम सम्झौता भएर संवैधानिक राजा राख्ने सहमतिमा आन्दोलन रोकियो। जननिर्वाचित प्रधानमन्त्री हुने, दलहरू रहन पाउने सिवाय अन्य परिवर्तन देशमा केही भएन। देशमा कतै कतै स्कुल, बाटो खोल्ने काम भयो। तर जीविको पार्जनको लागि जनतालाई रोजगारी दिने खालका कामहरू कतै पनि हुन सकेनन्। राजाका पालामा भएका कलकारखानाहरू पनि केही बन्द गर्ने काम भए केही भारतीय प्राइभेट कम्पनीहरूलाई चलाउन दिने काम भयो र अन्तमा उनीहरूले ति कारखानाहरू बन्द गरिदिए।

२०५१ देखि चलेको राज्य माओवादी द्वन्द्व, राजा बिरेन्द्रको वंश नाश, ज्ञानेन्द्रले सत्ता हातमा लिने जस्ता कामले २०५८ देखि देश पुनः अप्ठ्यारोमा पऱ्यो, त्यसैको फलस्वरूप २०६२/६३ मा ठूलो जनआन्दोलन भयो, २२/२५ जनाले ज्यान गुमाए। राजाले सत्ता त्यागेर वनमा नागार्जुन दरवारमा गएर बसे। त्यसपछि माओवादी सहित देशमा एमाले, नेपाली काँग्रेस लगायतका पार्टीहरूले नेपालमा राज्य संचालन गर्दै आएका छन। तर देशमा आमूल परिवर्तन हुन सकेन। हिजो पंचायती व्यवस्थामा रहेर काम गरेका मानिसहरू रातारात एमाले काँग्रेस बने र मिलिजुली देश दोहन गर्न कम्मर कसेर लागे, जनताका पीडा, समस्या र घाउहरूमा मलम लगाउने काम गरेनन् तर अन्तर्रास्ट्रिय जगतमा उथलपुथल भइरेको थियो। इमेल इन्टरनेट, फोन, मोवाईल, कम्प्युटर, फेवुक, गुगल, युट्यूव, इन्सटाग्राप, भाइवर, इमो, टुइटर, टिकटक, लाईन, लगाएतका सयौं सामाजिक संजालको विकास भयो र सन् १९९७ पछि जन्मेका बच्चाहरूले त्यसलाई भरपुर प्रयोग गर्न पाए।

नेपालमा भएको के हो भने विश्व द्रुत गतिमा अघि बढरहेको थियो तर नेपालका सत्तासिन वर्गहरूले त्यसलाई समात्न सकेनन् बरु उनीहरू कसरी देश दोहन गर्न सकिन्छ भनेर भ्रष्टाचारमा लिप्त हुन पुगे। जेनजी विद्रोहको गाँठी कुरा के हुन त भने, २०४६ पछि विकसित घटना क्रम हुन। जब गाउँ गाउँमा बाटो गयो, स्कुल कलेज खोल्न थालियो। खुट्टमा चप्पल नलगाउनेले चप्पल लगाउनु पर्ने भयो, स्कुल नजानेहरू स्कुल जानु पर्ने भयो। गाउँमा जे उब्जिन्छ त्यही ढिंडो आटो, कन्दमुल खाएर ज्यान गुजारा गरिरहेका जनताले भात खानु पर्ने भयो अनि दालचामल किन्नु पर्ने भयो। पहिला भन्दा नयाँ नयाँ रोगहरू आउन थाले, बच्चाबच्चीलाई राम्रो स्कुलकलेज पढाउन गाउँ छाड्नु पर्ने भयो। यी यावत कुराहरूको लागि मानिसलाई नगद पैसा चाहिने भयो। नगद पैसा थोरैले पनि नपुग्ने भयो। त्यसपछि मानिसहरू विदेश जान शुरुगरे। विदेशमा कमाएको पैसाले जनताको घर पनि चल्ने, देश पनि चल्ने भएपछि नेताहरू हौंसिएर पासपोर्ट सबैलाई दिन थाले। एकातिर देशमा पुजीवादको विकास, कलकारखान, उद्योग धन्दाको विकास नहुनु, अर्कोतिर तिब्ररूपमा युवाहरू उत्पादनहुनु र उहीहरूको रोजगारको व्यवस्था हुन नसक्नु जस्ले गर्दा युवाहरू १७/१८ वर्षमै पासपोर्ट बनाएर विदेशीन बाध्य भए। विदेशमा गएर उनीहरूले विदेशीहरूले गरेको उन्नति र प्रगति देखे। विदेशीहरूले कसरी आफ्नो देश बनाएका छन भन्ने कुरा युवाहरूले बुझे। देशमा व्याप्त इमेल इन्टरनेट, प्रेस र सामाजिक संजालले युवाहरूलाई प्रशिक्षित गरिरह्यो। देशमा नेताहरूले गरिरेका गलत कामकारवाही तथा भ्रष्टाचारको राम्रोसँग अध्ययन गर्ने मौका युवाहरूले प्राप्त गरे। अन्तमा एकातिर करप्सन व्यप्त हुनु, अन्तर्रास्ट्रिय क्षेत्रमा पनि नेपाल धेरै करप्सन हुने देशमा पर्नु र नोकरशाही दलाल ओली सरकारले सामाजिक संजाल विना बाँच्नै नसक्ने भएका युवाहरूलाई राम्रोसँग नबुझाईकन समाजिक संजाल एक्कासी बन्द गर्न पुग्नु नै जेन-जी आन्दोलनको जड थियो।

अहिले देशमा वैदेशिक रोजगारीका कारण समाजमा असहज वातावरणको विकास भएको छ। कैयौं युवाहरूको घरबार बिग्रीएको छ। छोराछोरी टुहुरा भएको छन्। हजारौं महिलाका कोख रित्तिएका छन, सिंदुर पुछिएका छन। सयौं युवाहरू विदेशका जेलमा छन्। प्रत्येक दिन १५ हजार युवा विदेश जान्छन भने प्रत्येक दिन १०/१२ वटा लाश नेपाल भित्रिने गर्दछन। जो युवाहरू विदेश जान्छन् उनीहरूलाई आधुनिक काम गर्ने पद्धतिको विषयमा जानाकारी नै हुँदैन। केवल मुडेवलमा जोखिमूर्ण काम गर्दा युवाहरूको अकालमै ज्यान जान्छ। आधुनिक समाज विकास, वैदेशिक रोजगार, सामाजिक संजालको प्रयोग र युवाहरूको चाहानालाई वास्ता नगरी नेताहरूले पालैपालो सरकारमा सिन्डिकेट चलाईरहनु, भ्रष्टाचारी, अपराधी, भ्रष्ट आफन्तलाई उन्मुक्ति दिने, संरक्षण गर्ने जस्ता कार्यले पनि युवा पुस्ता आजित भइरहेको थियो। यो समाज बनाउने, देश बनाउने युवाहरूलाई वाइपास गरेर गरिने कुनै पनि कार्य सफल हुँदैनन्। माओले भन्नु भएको थियोः "युवाहरू हो यो देश तिमीहरूको पनि हो र हाम्रो पनि हो तर अन्तमा तिमीहरूकै हो" हो निश्चित रूपमा देश युवाहरूको नै हो र देश बनाउने जिम्मा पनि युवाहरूकै हो। देश बनाउने युवहरूलाई विदेशीन बाध्य पार्ने हो भने हाम्रो देश कहिलै बन्ने छैन। उनीहरूलाई सहि प्रकारको शिक्षा दीक्षा दिएर अनुशासित बनाएर देशमै रोक्नु अनिवार्य छ। देशमा कस्ता खालका युवाहरूको उत्पादन गर्ने भन्ने कुरा त्यो देश र सरकारले तय गर्ने शिक्षा नीति र राजनीतिले निर्धारण गर्दछ। अन्तमा भाद्र २३/२४ गते जेन-जीहरूले लगाएको नारा "हाम्र बाउ खाडीमा तिम्रा बाउ गाडीमा" लाई यहाँ प्रस्तुत गर्दै यो लेख बन्द गर्न चाहन्छु।

# काल कोठामा परेको त्यो दिन

**कसैले पनि हामीसित कुरा गर्न चाहँदैनन् । मानौँ हामीसँग कुरा गर्दा कुनै महारोग सर्छ जस्तो गरियो । यतिसम्म कि होटेल साहुजी देबबहादुर चन्दले समेत हामीसित नबोली नबोली खाना खुवाए र सुताए ।**



● ईश्वरीप्रसाद गैरे ●

२०५९ असोज सात गतेको रात । रातभरी असौजे झरी परिरहेको छ । स्वाँरा गाउँको चारैतिरको पहाडी टाकुरामा सेताम्य कुहिरो लागेको छ । नजिकैको वस्तु पनि ठम्याउन नसकिने गरी बाक्लो कुहिरो लागेको छ । बिहानको नित्यकर्मपछि खाना पकाएर खाएर स्कूलका लागि नौ बजे हिँडियो । हिलाम्य बाटो भएकाले विस्तारै विस्तारै हिँडेर हिलो छिचोल्दै दस बज्नु अगावै स्कूलमा पुगियो । स्टाफसँग केही क्षणको भलाकुसारीपछि दसबजेको घण्टीसँगै हाम्रो नियमित कार्य सुरु भयो । हाम्रो स्कुलका प्रअ सुर्खेत जानु भएकोले निप्रअको जिम्मेवारी सम्हाल्न पत्र पनि प्राप्त भएको थियो । दिनभर हामी (म, टीका सर र नन्दलाल) आआफ्नै रुटिन अनुसार कक्षा सञ्चालन गर्दै गयौँ । दिउँसो सवाएक बजे विद्यार्थी भाइबहिनीहरूका लागि दिवा खाजा तयार भएको थियो । नन्दलालले सबै वालवालिकालाई लाइन लगाई खाजा खुवाउँदै हुनुहुन्थ्यो ।

रातभरको झरीको कारणले गाउँको चारैतिरको पहाडमा कहिले घाम लाग्ने त कहिले बादल लाग्ने र कहिले प्रचण्ड गर्मी भइरहेको थियो । झण्डै साढेएक बजे माथिल्लो पहाडको टुप्पाबाट लामो लस्कर सहितको टाटेपाटे ड्रेसमा केही मानिसहरू ओह्रालो झर्दै गरेको देखियो । त्यो झुण्ड अरू कोही नभएर तत्कालीन साहीसेनाको रहेछ । उक्त झुण्ड केही क्षणमै स्कूलमा झर्‍यो र स्कूललाई चारैतिरबाट घेरा हाल्यो । खाजा खाइरहेका विद्यार्थी र हामीहरू सबै आतङ्कित भयौँ । एक जना सेनाले मलाई सोधपुछ गर्दै 'लिटो पकाउने तिम्रो स्कूलको नन्दलाल डाँगी को हो ?' भनी प्रश्न गर्‍यो । मैले उत्तर दिनुभन्दा पहिले नै म हुँ नन्दलाल भनी उहाँले जवाफ दिनुभयो । यति भनेपछि साहीसेनाले 'ल हामीसँग हिँड्' भन्दै उहाँलाई गिरफ्तार गर्‍यो । दुई बजे स्कूलमा घण्टी लगाइयो । सबै आतङ्कित थियौँ । पढ्ने र पढाउने मन कसैलाई पनि लागको थिएन ।

समय वित्दै गयो । पौनेतीन बजेको समय थियो । माथी डाँडाको जङ्गलमा ड्याम्म ड्याम्म ड्याम्म तीन पटक गोली चलेको आवाज सुन्यौँ । त्यो आवाजले हामी शिक्षक, विद्यार्थी र स्कूलसँगै जोडिएका गाउँका मानिसहरू पनि त्रसित भयौँ । हामीले सोच्यौँ 'आज जङ्गलमा घाँस दाउरा काट्न गएका कोही निर्दोश नागरिकको शिकार गर्दै आततायी सेनाहरूले अट्टहास गरे' । त्यसको झण्डै एक घण्टापछि फेरी त्यो आततायीको जत्थाले स्कूल घेर्‍यो अनि मलाई र टीकाराम ज्ञवाली सरलाई गिरफ्तार गर्‍यो । त्यसपछि चुत्थो र अमर्यादित भाषा बोल्दै 'दिनभरी मास्टर र रातभरी माओवादी' भन्दै स्कूलबाट बाहिर निकालेर हात पछाडि बाँधेर उकालो हिँडाइयो । माथि टाकुरामा पुगेर एउटा सेनाले 'साप साप ! छ सात जना माओवादी भागे, एउटालाई मार्‍यौँ र दुइटालाई छोपेर ल्या'छौँ' भन्दै जाहेरी गर्‍यो । त्यसपछि हामी दुई जनालाई केरकार गर्ने काम सुरु भयो ।

'माओवादी काँ बस्छन् ?'

'यो गाउँमा को को छन् माओवादी ?'

'तिमीहरू कुन कुन पोस्टमा छौ ?'

'कति रूप्पे उठाउँछौ ?'

'कहाँ कहाँ हान्ने योजना छ ?'

यस्तै यस्तै प्रश्नहरूको बौछार लगाउँदै रहे । हामीले अस्वीकार गर्दै गयौँ । 'हामीलाई केही पनि थाहा छैन । हामी माओवादी होइनौ । हामी शिक्षक हौँ विद्यार्थीलाई पढाउनु बाहेक हामीले अरू केही पनि गरेका छैनौँ' भन्दै हामीले उनीहरूका प्रश्नको जवाफ दिइरह्यौँ । हाम्रो जवाफ ती आततायीहरूलाई के चित्त बुझ्थ्यो । हामी दुवैको बीचबाट एक्कासी फायर गरेर हामीलाई तर्साउने कोसिस गरे । 'तिमीहरूको बारेमा सबै कुरा त्यो नन्देले हामीसित भनिसकेको छ' भन्दै 'झुठो बोल्छस् साला' भनेर हप्काउँछन् र त्यहाँबाट हिडाल्छन् । त्यसपछि सल्यानकै जयतपानी बजारको डाँडामा लगेर पुनः केरकार गर्छन् । त्यहाँका स्थानीय वासिन्दाहरू हामीलाई देखेपछि बोल्न नसकेर मौन रहँदै एकोहोरो हेरिमात्रै रहे । त्यहाँ पनि हामीले पुरानै जवाफ फर्काएपछि 'लातको भूत बातले मान्दैन' भन्दै सिमखर्क ब्यारेकतिर ओह्रालो झारे ।

बेलुकाको साढेसात बजेको हुँदो हो । सल्यान खलङ्गा-कुपिण्डेदह सडकखण्डमा रहेको सिमखर्क ब्यारेकको मूल गेटमा आइपुगेपछि हामी दुबैको आँखामा टालोले पट्टी बाँधियो । अँध्यारो निशाचरसँगै हाम्रा आँखा पनि बन्द भए । त्यसपछि हामी दुबैलाई दुदुई जनाले दुई पाखुरामा समातेर खाल्टोमा हाल्दै झिक्दै गरेर एउटा घरको आँगनमा पुऱ्याएर उभ्याए । त्यहाँ हामीलाई भकुण्डोझैँ लात्ताले हान्दै एताबाट उता र उताबाट अर्कोतिर गर्दै फूटबल बनाए । यो क्रम झण्डै आधा घण्टासम्म चल्यो । यसरी कुटपिटको कार्यक्रम सकिएपछि हाम्रो शरीर खानतलासी गरियो । भएका सम्पूर्ण सामानहरू एकेक गरेर टिप्दै दुईवटा प्लास्टिकका थैलामा हाम्रो नाम लेखिएका चिर्कटा सहित राखिदिए । त्यहीबेला उनीहरूको कथित मानवअधिकारवादी शेलका केही सिपाहीहरूले 'हामी मानवअधिकारवादी हौँ, हामीसित डराउनु पर्दैन, तिमीहरूले जेजे गरेका छौ सत्य कुरा भन' भन्दै हाम्रो तीन पुस्ते नाम, उमेर, ठेगाना, पेसा सहितको सबै बिबरण टिपेर राखे । साथै बयानका नाममा पहिलेकै प्रश्नहरू दोहोऱ्याउँदै केरकार गरे । हामीबाट पनि पहिलेकै जवाफ फर्कियो ।

मलाई डर र त्रास के थियो भने प्रावि ज्यामिरेका प्रअ वाशुदेव शर्मा जो हाम्रो अखिल नेपाल शिक्षक सङ्गठनका उपाध्यक्ष हुनुहुन्थ्यो उहाँलाई २०५९ जेठ महिनादेखि सोही ब्यारेकको सेनाले बेपत्ता बनाएको हुँदा सङ्गठनको पोल खोलिएको छ कि भन्ने सङ्का थियो । तर कमरेड वाशुदेव आफू सहिद हुनुभएछ सङ्गठनको कुनै पनि पोल खोल्नु भएको रहेनछ । किनकि म त्यतिवेला पार्टीको एरिया कमिटी सदस्य र अखिल नेपाल शिक्षक सङ्गठनको त्यस एरियाको अध्यक्ष थिएँ । मेरै मातहतको कमिटीमा रहेका कमरेड वाशुदेवले पोल खोलेको भए म आज यो संस्मरण लेख्ने स्थानमा रहेको हुने थिएन । केरकारको क्रममा मलाई वाशुदेवको विषयमा सोधिएको थियो तर मैले चिन्दैन भनेपछि त्यस भन्दा अगाडि उहाँको विषयमा कुरा उठाएन । मैले के बुझेँ भने वाशुदेव कमरेडले पोल खोल्नु भएको छैन, अब म डराउनु हुँदैन । कुनै कुरा पनि स्वीकार्नु हुँदैन भन्दै मुटुलाई अझ स्पातिलो बनाएँ । यो घटनाले मलाई के कुराको अनुभूति गराउँछ भने जनयुद्धका क्रममा तल्लो र अत्यन्तै निम्न वर्गबाट आएका जो जीवनका हरेक मोडहरूसँग पौँठेजोरी खेलेर सङ्घर्षशील बनेका कार्यकर्ता भन्दा मध्यम र उच्च वर्गबाट आएका नेताहरू नै गद्दार भएका छन् । प्रचण्ड बाबुराम, बादल लगाएतको ठूलो टीमले जनयुद्धको महान् उँचाइलाई धूलिसात पार्दै तथ्य र कारण सहित आफैँले प्रतिक्रियावादी घोषित गरेको एमालेमा पतन हुनु र पछि राष्ट्रघाती एमसिसि पास गर्न अनेकौँ षड्यन्त्र गर्नुले त्यही कुराको पुस्टि हुन्छ । साथै जनयुद्धका क्रममा पनि यही उच्च र मध्यम वर्गबाट आएका नेताहरूले आत्मसमर्पण गरेका, पलाएन भएका र पोल खोलेर ठूला ठूला क्षति गराएका थुप्रै उदाहरण भेटिन्छन् ।

ती मानवअधिकारवादी हौँ भन्नेहरूलाई मेरो जवाफ थियो - 'पहिला मप्रति मानवको व्यवहार गरियोस् । मेरा हात बाँधिएका छन्, आँखामा पट्टी बाँधेर अन्धो बनाइएको छ, यातनाको कारणले नाक र कानबाट रगत बगिरहेको अवस्थामा म कसरी बयान दिन सक्छु ?' त्यसपछि मेरा हात खोलियो । आँखा खोलियो । मेडिकल टोलीलाई बोलाएर ड्रेसिङ गरियो र औषधीका नाममा हाइडोजको ब्रुसेट खुवाइयो । अनि भित्र छुट्टै कोठामा लगेर बयान लिने काम गरियो । बयानका क्रममा (१) आफू माओवादी नभएको, (२) गरिबीका करणले घरबाट जिल्ला बाहिर गएर शिक्षण पेशामा सङ्लग्न भएको, (३) माओवादीलाई मासिक रूपमा एकदिनको तलव लेवीका रूपमा तिर्ने गरेको, (४) माओवादीहरू गाउँमा र डेरामा आउँदा खाना खान दिन बाध्य भएको भन्ने कुरा स्वीकार गरियो ।

राती भइसकेको थियो । मलाई र टीका सरलाई अलग गरेर राखियो । खाना खान दिइयो । खाना खाइसकेपछि हातखुट्टा बाँधेर र आँखामा पट्टी बाँधेर अलग अलग कोठामा चिसो भुइँमा लडाइदिए । यो सबै घटनाक्रम हामीलाई गिरफ्तार गरेको दिन असोज सात गतेको थियो ।

***दोस्रोदिन, असोज आठ***

बिहान हामीलाई थुनिएको कोठाबाट बाहिर निकालियो । नित्यकर्मका लागि हातखुट्टा खोलियो । त्यहीबेला हामी थुनिएको कोठाका कुरुवाहरूले हामीलाई चिनेछन् । र, उनीहरूले 'ए ! माओवादीलाई ल्या'छौँ भन्थे, यी त स्वँराका मास्टरलाई पो ल्या'का रहेछन्' भन्दै कुरा गरेको सुनियो । उनीहरूको व्यवहार हामीप्रति सकारात्मक रह्यो । तिनीहरूको नाम रण र बल रहेछ । किनकि उनीहरूलाई ए रणे, ए बले भनेर बोलाइन्थ्यो । ती दुई सेनाका जवानले हामीलाई त्यस व्यारेकमा रहँदासम्म ठूलो सहयोग गरे ।

खाना खाइसकेपछि हामीलाई आँखामा पट्टी र हात बाँधिएको अवस्थामा खाल्टामा हाल्दै झिक्दै, डोऱ्याउँदै सिमखर्क व्यारेकको सबै भन्दा अग्लो डाँडामा लगियो । मलाई अलिक टाढा राखेर टीकाराम ज्ञवालीलाई बयान लिन थालियो । उहाँलाई केके सोधियो र केकति यातना दिइयो थाहा हुँदैनथ्यो । रोएको र चिच्याएको आवाज मात्रै सुनिन्थ्यो । म त हिमालझैँ अटल भएको थिएँ । एक थोपा पनि आँशु झारिन । अश्लील भाषामा गाली गर्नु, तथानामका बेप्रसङ्गका प्रश्न सोध्नु, गरुढपुराणमा बर्णित शारीरिक र मानिसिक यातना दिनु, साही जल्लादहरूको नियमित कर्म थियो । यो क्रम आठ गतेदेखि सोह्र गतेसम्म निरन्तर यथावत रूपमा चल्यो ।

***सत्र गते असोज***

पुनः उसै गरी, उही क्रियाद्वारा, त्यही डाँडामा उकालियो । खाल्टोमा हालियो र उभ्याएर राखियो । त्यसपछि खाल्टोमा माटो भर्दै हाम्रो शरीरको कम्मरसम्म माटोले पुरियो । अनि एकेक फायर गोली चलाइयो । 'अपराधीहरूलाई गोली पनि लाग्दैन यार' भन्दै 'ल तिम्रो अन्तिम इच्छा के छ ?' भनि सोधियो । टीकाजीले दिएको जवाफ त मैले सुन्न पाएन । मैले भने 'म मरेपछि मेरो लासमा आतङ्ककारीको विल्ला नभिराइयोस् ।' मेरो कुरा सुनेर जल्लादहरू खित्का छोडेर हाँसे । 'मास्टर हो, कुरा गर्न जान्या छ' भन्दै मजाक गर्न थाले । त्यही समयमा आकासमा हेलिकोप्टर उडेको आवाज सुनियो । कसैले ठूलो आवाजमा 'चरो आयो चरो आयो । निकाल तेरा बाहरूलाई । निकाल र लुका तेरा बाहरूलाई' भनेको आवाज सुनियो । त्यसपछि मलाई चार जनाले कम्मर र काखीमा समातेर खाल्टोबाट ताने । अनि कोठाभित्र लगे । हामीले पछि तिनै रणे बलेबाट थाहा पायौँ कि त्यो चरो भनिएको हेलिकोप्टरमा करसाव र अन्य केही मानिस आएका रहेछन् । त्यसैदिन राती रणे र बलेबाट थाहा भयो कि त्यस व्यारेकमा ल्याइएका बन्दीहरू मध्य पहिलो पटक भोलीपल्ट हामी छुट्दै थियौँ । 'बधाई छ मास्टर तिमीहरूलाई । देशले दुःख पा'छ । तिमीहरूले दुःख पायौ । यो दुःखलाई पछि बिर्सनु' भन्दै हामीलाई सम्झाए । उनीहरू दुबैले हामीलाई आठ गते विहान चिनेदेखि सम्झाउने, राती सुत्नेबेला हातखुट्टा खोलिदिने, साहस बटुल्न प्रेरणा दिने काम गरिरहेका थिए । उनीहरूकै मुखबाट तिमीहरू छुट्दै छौ भनेको सुन्दा मभन्दा ती दुईजना बढी खुसी देखिन्थे । सायद वर्गीय चरित्र बुझेका, पारिवारिक वाध्यताले सेना बन्न गएका शोषित पीडित जनताका छोराहरू थिए, रणे र बले ।

अठार गते बिहान हामीलाई यथावस्थामै त्यही डाँडामा उकालियो । बाह्र दिनपछि हामी दुबैलाई एकै ठाउँमा राखियो । तथापि हामी बोलचाल भने गरेका छैनौँ । तर त्यस दिन हामीलाई अनौठो लागेको थियो । कतै रणे र बलेले अघिल्लो रात भनेको कुरो सत्यापित त हुँदै छैन ?! के हामी आज यो काल कोठरीबाट छुट्दै छौँ त ? मनमा अनेकौँ तर्कनाहरू खेलिरहे । न कसैले सोधपुछ गर्छ । न त कसैले यातना नै दिन्छ । व्यारेकमा ल्याएदेखिन दिनहुँ यसै डाँडामा ल्याएर शारीरिक र मानसिक यातना खेप्नु हाम्रो खुराक थियो । आज त्यो खुराक नपाउँदा हामी भोकै हुन्छौँ कि जस्तो भान हुन्थ्यो ।

सिमखकैको डाँडामा बादल लाग्छ । एक्कासी चिसो बढ्छ । केहीबेरमा घाम लाग्छ र प्रचण्ड गर्मीले पोल्छ । यसरी जाडो र गर्मी खेपिरहेका हामी दुई शिक्षकहरूलाई बेलुका तीन बजेतिर ढाला नभएको पिकअप भ्यानमा चढाइयो । झण्डै दुई घण्टाको पट्यारलाग्दो समयमा हामीलाई कार्टून बनाइरहे जल्लादहरूले । एउटा सेना आउँछ, 'किन खुसी भा'छस् अनुहार बिगार मा... साला' भन्छ । अर्को आउँछ र फेरि 'ए, मा...साला किन अनुहार बिगाऱ्याछस् ? छुट्दैछस् खुसी हुनु पर्दैन' भन्छ । यो आदेश दुई घण्टासम्म निरन्तर चलिरह्यो । हामी 'जसो जसो बाहुन बाजे उसै उसै स्वाहा' गरिरह्यौँ । नगरौँ यमराजका दूतहरूको कब्जामा छौँ । हामीलाई लागिरहेको छ कि हामीले यतिखेर गरुढपुराणको कथाका प्रत्यक्ष पात्र बनिरहेका छौँ । यो आदेश र पालनाको द्वन्द्वपछि गाडि अगाडि बढ्यो । गेटमा पुगेपछि आँखाको पट्टी खोलियो र हामीले चर्मचक्षुले प्रकृतिको दृश्यावलोकन गर्न पायौँ । त्यसपछि गाडि व्यारेकबाट जिल्ला प्रशासन कार्यालय सल्यान खलङ्गामा आएर घच्याक्क रोकियो । कुपिण्डेदहको स्वाँरा गाउँमा बाँधिएका हाम्रा हातहरू बाह्र दिनपछि खोलिए । त्यसपछि एउटा तारेखमा आउने आदेशको कागजमा सही गर्न लगाएर जिल्ला शिक्षा कार्यालयमा कार्यरत रहेका मेरा भाञ्जा गणेश न्युरेलाई जिम्मा लगाइयो र मुक्त गरियो । हामीलाई यमराजको नर्कबाट मर्त्यलोकमा फर्काइएको महसुस् भयो ।

बेलुका खलङ्गा डाडागाउँमा रहेको चन्द सल्यानी होटेलमा बसियो ।

कसैले पनि हामीसित कुरा गर्न चाहँदैनन् । मानौँ हामीसँग कुरा गर्दा कुनै महारोग सर्छ जस्तो गरियो । यतिसम्म कि होटेल साहुजी देबबहादुर चन्दले समेत हामीसित नबोली नबोली खाना खुवाए र सुताए । खाना र सुतेको पैसा पनि लिएनन् । उन्नाइस गते बिहानै त्यही सिमखर्क व्यारेकको गेट हुँदै हामी अगाडि बढ्यौँ कर्मथलोमा ।

गेटमा ड्युटीमा बसेका सेनाले सोधपुछ गरेर छोडेपछि हामी जयतपानी बजारमा पुग्यौँ । त्यस बजारका व्यापारीहरूले हामीलाई भव्य स्वागत गरे । जयतपानीका ब्यापारीहरू हामी फर्किएको देखेर हर्षाश्रु (आँशु) झार्दै हामीलाई अङ्गालो मारे । उनीहरूको रुवाबासीबाट हामीले पनि आँसु रोक्न सकेनौं । सिङ्गो जयतपानी बजार स्तब्ध भएको थियो । जयतपानी बजारमा हामीलाई फिर्ता आउने छैनन् भन्ने परेको रहेछ ।

कारण त त्यहाँ पुगेपछि मात्र हामीलाई थाहा भयो, असोज सात गते हामीलाई पकड्नु अगडिको राइफलको तीन फायरले नन्दलाल डाँगीलाई हामीबाट सँधैको लागि बिछोड गराएको रहेछ । हामी स्तब्ध र मर्माहत भयौँ । गाउँमा हामीलाई पनि मास्टरहरू फर्कँदैनन् उनीहरू पनि जनयुद्धको सहिद भए भन्ने ठहर गरेका रहेछन् । हामी त्यस गाउँमा पुग्दा सबैले आँशुका धारा बगाउँदै हामीलाई स्वागत त गरे तर नन्दलाललाई गुमाउनुपरेको घटनाले सबै स्तब्ध भएका थियौँ ।

जनयुद्धका महान् सहिद नन्दलाल डाँगीप्रति आज २३औं स्मृतिका सन्दर्भमा भावपूर्ण श्रद्धाञ्जली अर्पण सहित लाल सलाम गर्दै असोज सातको कालो दिनको स्मरणको बिट मार्दछु ।

*३ असोज २०८२, तुलसीपुर दाङ*

❑ यो साता कविता

## प्रिय जेनजेड




❑ जगदीश चन्द्र

*प्रिय जेनजेड*
*तिमीहरु आफैं कि अरु कोही छ*
*तिमीहरुसँग*
*तिमीहरुको अनुहार*
*तिमीहरुको मस्तिष्क*
*तिमीहरुको हृदय*
*तिमीहरुको पाइला*
*हो वा अरु नै कोही*
*मुखुण्डो भिरेर*
*दक्षिणतिरको*
*वा अझ परतिरको*
*ब्युरोक्रेटको नयाँ अवतार*
*अन्त कतै टाढाको*
*गुप्त डिजिटल सिटिजन*
*हो वा हाक्काहाक्की*
*भन्छ म हुँ यसको हकदार ।*

*प्रिय जेनजेड*
*तिमी तिमी हौ*
*वा अरु कुनै बर्बर*
*जसले अहिले*
*मच्चाएको छ दुनियाँमा*
*विभ्रमपूर्ण विद्रोह*
*जसका आँखामा*
*लागेको छ रतन्धो*
*अज्ञानताजन्य विश्वास*
*बुइ चढेर कसैको*
*चढिएको सगरमाथा*
*मान तिमीहरुको*
*जितको अलङ्कार*
*हुन सक्तैन*
*नत आवाराहरुले*
*दुनियाँ निर्माण गरेको*
*इतिहास नै पुस्तक बनेको छ*
*नत निर्दय हृदयहीन*
*तानाशाहहरुलाई*
*खाल्डो खनेर पुरेको छ*
*प्रिय जेनजेड*
*निलो पहेंलो बैजनीमा*
*आजसम्म*
*समानताको चित्र कोरिएको छैन*
*तिलस्मी जादुको मोहनी मात्र छ ।*

## नयाँ रक्तको मिथ्या स्वर



❑ मोदनाथ मरहट्टा

*युवा तिमी आँधि हौ आगो हौ*
*भत्कायौ आवेगले पुरानो आहरिस*
*तर रोपिएन नयाँ स्वर र शब्दहरू*
*हतियार, अर्कैले बोक्यो*
*तिम्रा हाम्रा सपनाहरू फेरि चुडिए अचानक*
*तिमीले घोकेको अन्यायको सीमा रेखा*
*खोइ भत्कियो कसरी ?*
*न बुद्ध पढ्यौ न मार्क्स*
*बरू बोक्यौ गोरेहरूको प्रयास*
*तिम्रो मुठीको क्रान्तिको बल,*
*नयाँ युगको उधारो झलमल*
*पोलियो पुराना किताबहरू*
*जलेर गए नयाँ अक्षरहरूले*
*लेख्न खोजेका दस्तावेजहरू*
*युवा  तिमीले सडक हाम्रो हो गीत गायौ*
*नाराहरू पुराना थिए ढोलक बजायौ*
*कहिल्यै नझुक्ने, नथाक्ने आँट सजायौ*
*भन त युवा तिमीलाई कसले भुलायो ?*

*हो, तिमी डिजिटल युगका विद्रोही वीर*
*अनायासै ढालियो तिम्रो शीर*
*न्यायको निम्ति भएनन् गम्भिर*
*तिमी हामी, बदलिँदो इतिहास त हौ नि*
*अहारिसेको रिसमा जुटेका पनि हौ नि*
*अधिकारको खोजीमा उठेका तिम्रा स्वरहरू*
*कसरी थुनियो गोरेहरूको चोर औंलाले ?*
*अलिकति डर पलाएको छ कि छैन,*
*तिम्रो तागत बसाइँ सरेको हो कि होइन ?*
*के तिमीले बुझेका छौ त साँच्चै*
*लेनिनको ब्याज खाएर डारिडाको झण्डा बोक्नेको दाउ*
*के तिमीले देखेका छौ त वीरहरूको छाती डढेको घाउ*
*झरी परे पनि खडेरीको यो मौसममा ?*
*के तिम्रो मुटुमा अलिकति*
*जनताको स्वर छ र*
*जाँची हेरेका छौ त पृय जेन जी*
*समताको भूगोल कहिल्यै बाफो हुन्न भन्ने आदर्श*
*बोक्न छोड नक्कली प्वाँखभिरेका कागहरू ।*

## जेनजी...

र बलिदान दिँदा उनीहरूको मूल अपेक्षा थियो- भ्रष्टाचार गर्ने नेताहरूलाई कारबाही होस्। तर संविधान र त्यसअनुसार बनेको कानुनी संरचनाले उल्टै त्यही अपराधीहरूको संरक्षण गर्दछ। यो धोका षड्यन्त्रकारी संसदवादी दलहरूको चतुर्खेलबाट आएको छ। जेनजी आन्दोलनको लोकप्रियतालाई देखेर संसदवादी पुराना र नयाँ दलहरूले यसलाई आफ्नो पक्षमा मोड्ने कोशिश गरे। उनीहरूले आन्दोलनमा घुसपैठ गरे। आन्दोलनको नारा पनि चोरीरहेका छन्। आन्दोलनमा उनीहरूले जे-जे गर्नु पर्ने थियो, त्यही गरे। २०७२ को वादी संविधानलाई कायमै राख्न सफल भए। यो संविधानले जेन-जी आन्दोलनको भावनालाई मात्र होइन,कुनै पनि जनआन्दोलनको भावनालाई समेट्न सक्ने छैन।

जेन-जी आन्दोलनकारीद्वारा आन्दोलन सम्पन्न भएको घोषणा पनि गरियो। तर, व्यवहारमा त्यही पुरानो भ्रष्ट, ढोंगी र स्वार्थी राजनीतिक संस्कृतिलाई निरन्तरता दिइरहेका छन्। यसरी आन्दोलनलाई मुकुण्डो बनाएर सत्ता र सम्पत्ति सुरक्षित गर्ने प्रयत्न तीव्र भएको छ। जसले गर्दा जनताको विश्वासमा गम्भीर चोट पुऱ्याएको छ।तेस्रो धोका आन्दोलनभित्रको असंगठित अवस्था हो। जेन्जी आन्दोलनको आत्मा नै न्याय, स्वतन्त्रता र समानता हो। तर नेतृत्व स्तरमा आपसी विश्वास, व्यक्तिगत महत्वकांक्षा र दिशाहीनताले आन्दोलनको मूलधार कमजोर पारेको छ। जब आन्दोलन भित्रै "कसलाई अगाडि लैजाने, कसलाई पछाडि धकेल्ने" भन्ने विवाद बढ्छ, त्यहाँ बाह्य शक्तिलाई हस्तक्षेप गर्ने सहज अवसर मिल्छ। यसको अर्थ जनताले प्रत्यक्ष शासन गर्ने, उत्पादनमूलक अर्थतन्त्रमा जोड दिने, न्याय र समानतालाई संस्थागत गर्ने हो। यो कुरा जनगणतान्त्रिक संवैधानिक व्यवस्थामा मात्र सम्भव छ। तर प्रतिक्रियावादी संविधानले यो बाटोलाई पूर्णरूपमा बन्द मात्र गरेन कि आन्दोलनको स्पीरिटलाई समेत नै दमन गऱ्यो। नेपालमा आज मात्र होइन, पहिलेदेखि नै यो गम्भीर समस्या बनेको छ।

अब यो समस्याको समाधान खोज्नुपर्दछ। समाधान के हो त ?

आज जेन-जी आन्दोलनले उठाएको प्रश्न अझै यथावत छ। - के जनताले प्रतिक्रियावादी संविधानको सीमाभित्रै परिवर्तन सम्भव छ भन्ने भ्रम पालिरहने ? वा संविधानभन्दा माथि उठेर नयाँ जनगणतन्त्रको बाटो निर्माण गर्ने ?

सत्य के हो भने दलाल संसदीय संरचनाभित्र बसेर जनताका चाहना पूरा हुँदैनन्। भ्रष्टाचार,दलाली र विदेशी निर्भरता त्यही संरचनाबाट जन्मिन्छ। त्यसैले अब जनगणतन्त्र स्थापनाको आन्दोलनलाई अझ स्पस्ट दिशातर्फ मोड्न जरुरी छ।

यदि जेनजी आन्दोलन साँच्चै देशलाई नयाँ बाटो दिन चाहन्छ भने उसले तीनवटा पक्षमा सजग हुनुपर्छ। १.संगठनात्मक स्पस्टता र एकता : नेतृत्व आफ्नो वादविवाद भन्दामाथि उठेर साझा र रास्ट्रिय लक्ष्यमा केन्द्रित हुनैपर्छ।

२. जनताको विश्वास सुरक्षित राख्ने रणनीतिः यसलाई सुनिश्चित बनाउनुपर्छ। जनताको आँट, आस्था र रगतबाट बनेको आन्दोलनलाई स्वार्थी, दलालहरूले कब्जा नगरुन् भन्ने सुनिश्चित गर्नुपर्दछ।

३. सिद्धान्तप्रति अटलः सिद्धान्तप्रति अटल अडानहुनुपर्छ। आन्दोलनले राजनीतिक अडान वा पद प्रतिष्ठाभन्दा माथि उठेर न्याय, समानता र पारदर्शी शासन प्रणालीलाई केन्द्रमा राख्नुपर्दछ।

आन्दोलन केवल समस्याको निदान खोज्ने कुरा होइन, समाधानको बाटो देखाउने हो। त्यसैले अब केही स्पस्ट विकल्प अघि सार्नै पर्छ।

१. जनताको प्रत्यक्ष सहभागिताः संविधान निर्माणदेखि राज्य संरचनासम्म जनता प्रत्यक्ष सहभागी हुने संरचना चाहिन्छ। जस्तैः जनमत सङ्ग्रह, प्रत्यक्ष निर्वाचन प्रणाली र जनसत्तामुखी संरचना।

२.भ्रष्टाचार विरुद्ध कठोर कारबाहीः विशेष अदालत, जनअदालत वा स्वतन्त्र निकाय मार्फत ठूला भ्रष्टाचारीहरूलाई दण्ड दिनु जरुरी छ। यो कुरा प्रतिक्रियावादी संविधानबाट संभव छैन। जनगणतान्त्रिक संविधानबाट मात्र सम्भव छ। त्यसैले नयाँ संरचना अपरिहार्य छ।

३. आर्थिक लोकतन्त्र : राजनीतिक क्रान्ति मात्र होइन, आर्थिक क्रान्ति अपरिहार्य छ। उत्पादन, भूमिसुधार, उद्योग र युवालाई रोजगारीमा जोड्ने अर्थतन्त्रको आवश्यकता पर्दछ ,जुन जनगणतन्त्रको आधारशिला बन्नुपर्छ।

४. राष्ट्रको स्वतन्त्रता र सार्वभौमिकताः विदेशी शक्तिको हस्तक्षेपलाई अस्वीकार गर्दै ,आत्मनिर्भर, स्वतन्त्रता र स्वतन्त्र कुटनीतिक नीति विकास गर्नुपर्नेछ।

निष्कर्षमा, जेनजी आन्दोलनप्रति धोका भएको छ। धोका केवल आन्दोलनको मात्र हार होइन, मुलुककै भविष्यप्रति धोका भएको छ। यद्यपि जेन-जी आन्दोलनकारीहरूले आन्दोलन सफल भएको घोषणा गरे। आन्दोलन फेरि अर्को अधुरो कथामा सीमित हुनेछ। अबको विकल्प स्पस्ट छ - संविधान संशोधन होइन, जनताको आँट र आन्दोलनको ऊर्जा जनगणतन्त्र स्थापनाको लागि नयाँ जनवादी क्रान्ति सम्पन्न गरी नयाँ जनगणतान्त्रिक संविधान निर्माण गर्ने र जनताले प्रत्यक्ष शासन गर्ने संरचना, भ्रष्टाचार विरुद्ध कठोर कारबाही र आत्मनिर्भर अर्थतन्त्र नै आन्दोलनको अहिलेको अन्तिम गन्तव्य हो। जनगणतन्त्र बाहेक नेपाली आन्दोलनले ल्याएका कुनै पनि समस्याको स्थस्यी समाधान संभव छैन। यसैले अबको आवश्यकता, आन्दोलनलाई दिशाहीन बनाउने षड्यन्त्रलाई चिर्ने, दलालहरूको 'मुखुण्डो' उगार्ने र नयाँ पुस्ताको संघर्षलाई सशक्त बनाउने कुरा न्यायप्रेमी जनसमुदायसँगै सचेत नेतृत्वकै हो। धोका चिर्न सकियो भने यो आन्दोलन नेपालको राजनीतिक इतिहासमा नयाँ अध्यायको प्रवेशद्वार बन्नेछ;जसबाट जनगणतन्त्र हुँदै समाजवादमा संक्रमण गर्ने बाटो खुल्ने छ, नभए फेरि अर्को एउटा अधुरो "बगावती कथा"मा सीमित हुनेछ। तर, छोड्नु हुँदैन। आन्दोलनलाई निरन्तर अगाडि बढाएर लैजानु पर्दछ।

*२०८२ भदौ ३१ गते*

## असोज ३...

संविधान दिवस मनाइएको छ।

संविधान निर्माण भएको १० वर्ष पूरा भएर ११ वर्षमा प्रवेश गरेको छ। पहिलो संविधान सभाले संविधान निर्माण गर्न नसकेपछि दोस्रो संविधान सभाले २०७२ असोज ३ गते नेपालको संविधान घोषणा गरेको थियो। नेपालको प्रथम राष्ट्रपति डा. रामवरण यादवले संविधान सभामा संविधान निर्माण भएको घोषणा गरेका थिए।

नेपालमा अहिलेसम्म ६ वटा संविधान कार्यान्वयनमा आएका छन् - २००७ ,२०१५ ,२०१९,२०४६,२०६३ र२०७२ को संविधान। २००७ र २०६३ को संविधान अन्तरिम संविधान थिए। त्यसबाहेक २००४ सालमा पद्म शमशेर जवराको पालामा नेपालको पहिला संविधान घोषणा गरिएको थियो। तर राणाहरूकोबीचमा भएको विवादले त्यो कार्यान्वयन हुन पाएन।

२०७२ को संविधानले बहुदलीयता, संसदीय प्रणाली, गणतन्त्र,धर्मनिरपेक्षता समावेशिता, संघीयता,समाजवाद उन्मुख राज्यप्रणाली लगायतको विशेषता बोकेको छ। धर्म निरपेक्षता भनिए पनि एक धर्मलाई राज्यले पक्षपोषण गरेको आरोप लाग्ने गरेको छ। समावेशीता ,समानुपातिक प्रणाली पनि बदनामित भएको छ। पैसा हुने व्यक्तिहरूबाट मोटो रकम लिएर वा आफन्त नातापातालाई समावेशीकोटामा नियुक्त गरेर समावेशी र समानुपातिक प्रणालीलाई दूरोपयोग गरिएको भनेर दल र दलका नेताहरूको आलोचना हुने गरेको छ। संविधानमा समाजवाद उन्मूख राज्य प्रणाली लेखिएको भए पनि यो दश वर्षमा सँधैभरि शासकहरूले नवउदारवादको पक्षपोषण गर्ने काम गरे।

संविधान घोषणा भएपछि यो १० वर्षकोबीचमा दुइपटक संविधान संशोधन भएको छ। पहिलो पटक २०७२ माघ ९ गते संविधान संशोधन गरिएको थियो। जसमा धारा २८६को उपधारा ५ लाई संशोधन गर्दै निर्वाचन क्षेत्र निर्धारण गर्दा जनसंख्यालाई मुख्य र भूगोललाई दोस्रो आधार मान्ने व्यवस्था गरिएको थियो र धारा ४२ को उपधारा १ मा व्यवस्था गरिएको सामाजिक न्यायको हकमा व्यवस्था गरिएको समावेशी शब्दमा समानुपातिक शब्द थप गरिएको थियो। त्यसरी नै दोस्रो पटक २०७७ जेष्ठ ३१ गते संविधानको धारा ९ को उपधारा २ को अनुसूचि ३ को संशोधन गरी नेपालको नक्सामा चुच्चे नक्साको व्यवस्था गरिएको थियो। चुच्चे नक्सा संविधानमा राख्नेबेला प्रतिनिधि सभाका २७५ जना कुल सदस्य संख्या मध्ये २५८ जनाको उपस्थितिमा २५८ जनाले नै चुच्चे नक्साको पक्षमा मतदान गरेका थिए। यस १० वर्षको बीचमा २०७४ र २०७९मा २ पटक संघीय ,प्रादेशिक र स्थानीय निर्वाचन सम्पन्न भएका छन्। ३५ भाग ,३०८ धारा र ९ अनुसूचि रहेको यस संविधानको धारा ७६ सबै भन्दा बढी चर्चामा रह्यो। किनभने यो धारा लाई टेकेर नै सरकार गठन विघटनका विभिन्न अस्वस्थ राजनीतिक क्रियकलापहरू देशमा रहे। अहिले पनि धारा ७६ चर्चा मा नै छ किनभने धारा ७६ को मन्त्री परिषद गठनको व्यवस्थालाई छोडेर धारा ६१ अनुसार वर्तमान कार्की नेतृत्वको सरकार गठन भएको छ।

यो संविधानका सम्बन्धमा मूलतः तीन वटा धारणाहरू रहेका छन्। १ ) यो संविधानलाई बदलेर राजतन्त्र र हिन्दु राष्ट्रसहितको नयाँ संविधान निर्माण गर्नु पर्दछ। २) विद्यमान संविधानलाई संशोधन गरेर यसैलाई निरन्तरता दिनु पर्दछ

३) यो संविधानको सट्टा जनगणतान्त्रिक संविधान निर्माण गर्नु पर्दछ। पहिलो खालको धारणा पश्चगामीहरूको हो। दोस्रो खालको धारणा यथास्थितिवादीहरूको हो। र तेस्रो खालको धारणा क्रान्तिकारी शक्तिहरूको हो। जनगणतान्त्रिक संविधानको निर्माण नगरेसम्म देशको संकटको स्थायी समाधान नहुने क्रान्तिकारी शक्तिको विचार छ।

## साम्राज्यवाद...

पार्टीप्रति पनि जनताको विश्वास घट्दै गएको र आक्रोश बढ्दै गएको छ। गत भाद्र २३ गते भडकिएको जेन-जेड युवाहरूको भ्रष्टाचार तथा नेपो-किड विरोधी आन्दोलन यही वितृष्णा र आक्रोशको स्वाभाविक परिणाम हो।

२. नेपालमा अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादका आ-आफ्ना स्वार्थ रहेका छन्। चीनलाई घेराहाल्न अमेरिकाले नेपालमा राजनैतिक अस्थिरता पैदा गर्ने र त्यसैको बीचबाट आफ्नो अनुकूलका दलालहरूको कठपुतली सरकार निर्माण गरी नेपाललाई सैन्य अखडा बनाउने योजनामा काम गर्दै आएको छ। यसका पक्षमा वातावरण बनाउनका लागि विभिन्न सहयोगको नाममा अमेरिकी सरकार र गैरसरकारी संस्थाहरूले समेत नेपालमा बर्षेनी ठुलो आर्थिक लगानी गर्दै आएका छन्। अर्कोतर्फ, नेपालमा अस्थिरता कायम गरी आफ्नो हैकम विस्तार गर्नु, बजार कब्जागर्न, नेपाललाई हिन्दु राष्ट्र बनाउन र संभव भएसम्म राजतन्त्रको पुनर्स्थापना गर्नका लागि मोदी सरकार र त्यसमा पनि मुख्यतः आरएसएसको भूमिका बढी हस्तक्षेपकारी रहँदै आएको छ।

३. यो सबैको पृष्ठभूमिमा ओली नेतृत्वको गठबन्धन सरकारले सामाजिक सञ्जालमाथि प्रतिबन्ध लगाउने जुन निर्णय गऱ्यो त्यसले मुख्यतः जेन-जेड पुस्ताका युवाहरूको आक्रोश उत्कर्षमा पुऱ्याइ दियो। युवाहरू भ्रष्टाचार, नेपो-किड र सामाजिक सञ्जाल माथिको प्रतिबन्धका विरुद्ध आन्दोलनमा होमिए। सरकारले युवाका मागहरूको उचित सम्बोधन गर्नुको साटो अन्धाधुन्ध बल प्रयोग गरी दमन गर्दा धेरै जनधनको क्षति हुन गयो। यसरी यो क्षतिको प्रमुख जिम्मेवार ओली सरकार हो भन्ने प्रस्ट हुन्छ।

४. सामाजिक सञ्जालमाथिको आक्रमण, भ्रष्टाचार र नेपो-किडका विरुद्ध युवाहरूले जुन प्रतिबद्धता र स्पिरिटका साथ आन्दोलन छेडे त्यो आवश्यक, उचित र न्यायपूर्ण आन्दोलन हो। यो न्यायपूर्ण आन्दोलन माथि ओली सरकारले गरेको बर्बर दमनका कारण आजसम्म ७० जना भन्दा धेरै होनहार युवाहरूको ज्यान गएको छ, २ हजारभन्दा बढी घाइते भएका छन्। हाम्रो पार्टी भ्रष्टाचारका विरुद्ध जीवन उत्सर्ग गर्ने ती युवाहरूलाई हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ र भ्रष्टाचार विरोधी आन्दोलनका सहिद घोषणा गर्दछ। सहिद तथा घाइतेका परिवारलाई उचित क्षतिपूर्तिका साथै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछ।

५. युवाहरूको न्यायपूर्ण आन्दोलनमाथि गरिएको अनावश्यक र नृशंस दमनपछि आगजनी, तोडफोड तथा लुटपाटका घटनाहरू घटाइए। यो प्रक्रियामा स्थितिको दुरूपयोग गरी साम्राज्यवाद तथा विस्तारवाद र घरेलु प्रतिक्रियावादका दलालहरूले आन्दोलनलाई हाइज्याक गरे। इमान्दार र देशभक्त जेन-जेड पुस्ता आन्दोलनबाट कट्दै जाने र जेन-जेडका नाममा तिनै भ्रष्टाचारी र राष्ट्रघातिहरू हावी हुने स्थिति पैदा हुँदै गयो। फलतः आन्दोलनलाई गलत दिशातर्फ मोडी प्रतिगमनका लागि वातावरण बनाउन थालियो।

६. आन्दोलनको पहिलो दिन भाद्र २३ गते प्रहरी प्रशासन संयमित हुनु पर्नेमा अन्धाधुन्ध बलप्रयोग गरेर स्थितिलाई नियन्त्रण बाहिर धकेल्यो भने २४ गते राष्ट्रको सार्वजनिक सम्पत्तिमाथि तोडफोड हुँदा दुवैथरी प्रहरी बल र सेना रमिते बनेर बसे। राष्ट्रले बेहोर्नु परेको यति ठुलो जनधनको क्षतिमा देशको प्रहरी बलको अविवेकी कार्बाही र सेनाको रमिते बन्ने रवैया जिम्मेवार छन्। राष्ट्रको जिम्मा सेनाले लिए पछि देशभर आगजनी, तोडफोड र लुटपाटका घटना एक्कासी बढेर गएका छन्। सिंह दरवारमा घण्टौंसम्म आगो लाग्दा त्यसैको रक्षाका लागि दरवारको चौघेराभित्र बसेका सेनाले अनदेखा गर्नु, देशभर सयौंको संख्यामा रहेका रास्ट्रिय सम्पदा खरानी हुँदा सेना रमिते हुनु गंभीर विषय बनेको छ। यसले नेपाली सेना राष्ट्र र रास्ट्रिय सम्पदाको रक्षाका लागि होइन अस्तव्यस्तताका बीचबाट राजनीतिक लाभ लिन उद्दत थियो भन्ने कुरा प्रस्ट हुन्छ।

७. ओली सरकार अपदस्थ भइसकेपछि सम्पूर्ण अधिकार आफ्नो हातमा लिएर सेनाध्यक्ष अशोक राज सिग्देलले राष्ट्रको नाममा सम्बोधन गरे। यो उनको राष्ट्रपतिको भूमिकालाई कमजोर पार्ने र राजनीतिक निकासको बाँकी जिम्मेवारी सेनाको हो भन्ने स्पस्ट सन्देश थियो। तर, परिस्थितिको जटिलता र राष्ट्रपतिको अडानका कारण सेनाले स्थितिलाई पूर्ण रूपले आफ्नो नियन्त्रणमा ल्याउन सकेन।

८. स्थितिलाई एकलौटी ढंगले आफ्नो पक्षमा पारी प्रतिगमनलाई सुनिश्चित गर्न सेनाध्यक्षले पुनः राष्ट्रपतिलाई राजीनामा दिन दवाव दिए। तर राष्ट्रपतिले कुनै मूल्यमा पनि राजीनामा नदिने अडान लिएपछि सेनाको त्यो प्रयास असफल भयो। सेनाले राजतन्त्रको पुनर्स्थापनाका लागि बाटो सोझ्याउन नेपालमा सैन्य शासन लगाउने अर्को प्रयास गऱ्यो। तर, सेनाभित्रको अनेकताका कारण त्यो प्रयास पनि सफल हुन सकेन। नेपालको शासन सत्ता आफ्नो हातमा लिएर राजतन्त्रको पुनर्स्थापनाका लागि अनुकूल वातावरण बनाउन गरिएका सबै तिकडमहरू असफल भएपछि तत्काल नेपाली सेना त्यो भन्दा अगाडि बढने हिम्मत गरेन। त्यसपछि मात्र राष्ट्रपति, नेपाली सेना र जेन-जेडका बीचमा सरकार गठन सम्बन्धी सहमति हुने वातावरण बन्न गयो। यसमा राष्ट्रपतिको अडानले महत्वपूर्ण भूमिका खेलेको छ।

९. अन्ततः उपरोक्त त्रिकोणात्मक संघर्षका बीचबाट एउटा सहमति भयो जुन सहमति अनुसार राष्ट्रपतिले संसद विघटन गरे, जेनजीका प्रतिनिधिहरू सरकारमा सहभागी हुने भए र सुशीला कार्कीले अन्तरिम सरकारको नेतृत्व लिइन्। यसरी प्रधानमन्त्री ओलीलाई बर्खास्त गरिए पछि नेपालमा सरकार रिक्तताको जुन स्थिति पैदा भएको थियो त्यसको अन्त्य भएको छ। सुशीला कार्कीको अडानका बीच राष्ट्रपतिले संसद विघटन गर्ने निर्णय लिए। उनले त्यो निर्णय नलिएको भए प्रतिगमनको खतरा अरु बढेर जाने कुरा निश्चित थियो। यसले त्यो निर्णय आवश्यक र उचित दुवै थियो भन्ने कुरा प्रस्ट हुन्छ।

१०. साम्राज्यवाद तथा विस्तारवाद र तिनका दलालहरूको प्रयासका बावजुद राष्ट्रपति र जेन-जेडका युवाहरूको समेत अडान र तत्कालको सहमतिका कारण यतिनै बेला नेपालमा प्रतिगमनको संभावना कमजोर बन्न गएको छ। तर, त्यो खतरा टरेको छैन। आउने दिनमा जुनसुकै बेला पुनः त्यो टड्कारो समस्या बन्न सक्छ। यसमा देशभक्त तथा क्रान्तिकारीहरू चनाखो रहनु जरुरी छ।

११. यस्तो विषम परिस्थितिमा सरकारको नेतृत्वगर्ने जिम्मा लिएर सुशीला कार्की देशमा तत्काल प्रतिगमन तर्फको खतरा रोक्न सहयोगी साबित भएकी छिन्। यो उनको सकारात्मक पक्ष हो। तर, सुशीला सरकार पनि साम्राज्यवाद तथा विस्तारवाद र घरेलु प्रतिक्रियावादको सहमतिमा बनेको हुनाले यसले त्यो घेरा तोड्न नसक्ने कुरा स्पस्ट छ। यसको वर्ग चरित्र प्रतिक्रियावादी नै हुने कुरामा कुनै शंका छैन। यसरी सुशीला कार्कीको नेतृत्वको सरकारबाट पनि देश र जनताले अग्रगमन तथा रास्ट्रिय स्वाधीनताको अनुभूति गर्न नपाउने कुरा छर्लङ्ग छ।

१२. जेन-जेडको आन्दोलनबारे पार्टीलाई जानकारी थियो। तर, त्यो आन्दोलन यसरी नै विष्फोट भई यो रूप लिन पुग्ला भन्ने कुराको आंकलन गरेको थिएन। यो विषयमा पार्टी मनोगत साबित भयो। आन्दोलन एक्कासी उठेको र त्यसको पछाडिका मूर्त कारणहरू सहित आन्दोलन कता जान्छ भन्ने कुरा प्रस्ट नभइसकेको स्थितिमा पार्टीले तुरुन्त सार्वजनिक प्रतिक्रिया दिन उचित हुँदैनथ्यो, दिएन। तर, आन्दोलनबारे पार्टीको धारणा बुझ्न एकदुई दिन पर्खने धैर्यता पनि नराखी कतिपय जिम्मेवार कमरेडहरू जेन-जेडको संघर्षमा बहकिनु भयो। यसले सम्बन्धित कमरेडहरूको वैचारिक धरातल र पार्टी पद्धतिलाई बुझ्ने सन्दर्भमा एउटा प्रश्न खडा गरेको छ।

१३. यो समग्र प्रक्रियामा अन्ततः अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवाद एउटा सहमतिमा पुगेपछि नेपालमा अन्तरिम सरकारको गठन भएको छ। आउने दिनमा नेपालको सत्तामा आफ्नो पकड बलियो बनाउन र पुराना दलालका ठाउँमा आफ्नो अनुकूलका नयाँ दलाललाई सरकार तथा नोकरशाही तन्त्रमा भर्दै जान वाह्य शक्तिहरूले आफ्ना गतिविधि अरु बढाउने छन्। यसले प्रतिगमनको मात्र होइन, देशको रास्ट्रिय स्वाधीनतामाथि समेत थप खतरा पैदा गरेको छ। यसकारण पार्टीले यो सरकारको समर्थन गर्ने प्रश्नै आउँदैन। साथै, नेपालको कूटनीतिक सम्बन्धको इतिहासमा सुशीला सरकारलाई दलाई लामाले बधाइ दिएको घटनालाई सामान्य अर्थमा बुझ्नु हुँदैन। यसका पछाडि गहिरो अर्थ लुकेको छ, जुन क्रमशः खुल्दै जाने छ।

१४. एउटा सरकार अपदस्थ भई अर्को सरकार बन्ने प्रक्रियामा रहेको र अन्तरिम सरकारले पनि देश र जनताको समस्या समाधान गर्ने हो कि होइन भन्ने प्रश्न सबैतिर उठेको वर्तमान स्थितिमा पार्टीले क्रान्तिको रणनीतिको सेवागर्ने गरी कार्यनीतिक सरकारको नारा दिनु आवश्यक भएको छ। पार्टीले महाधिवेशनमा छलफल गरेको र पछि केन्द्रीय समितिले समृद्धगरी टुङ्ग्याउने भनी थाँति राखेको कार्यनीतिक सरकारको नारालाई छिटै पारित गरी जनसमक्ष लैजानु पर्दछ। महाधिवेशनमा प्रस्तुत उक्त सरकार सम्बन्धी प्रस्ताव निम्नानुसार रहेको छ :

"संकटग्रस्त बन्दै गएको वर्तमान दलाल तथा नोकरशाही एवं सामन्त वर्गीय राज्यसत्ता र संसदीय व्यवस्थाको विकल्प तथा अग्रगामी रूपान्तरणका लागि रास्ट्रिय राजनीतिक सम्मेलन, क्रान्तिकारी संयुक्त मोर्चा, स्वाधीन संयुक्त सरकार र जनसंविधानको निर्माण हाम्रो तात्कालिक राजनीतिक कार्यनीति हुनेछ। देशभक्त, क्रान्तिकारी जनवादी तथा वामपन्थी शक्तिहरूलाई गोलबन्द गरी रास्ट्रिय राजनीतिक सम्मेलन गरिनेछ। सो सम्मेलनद्वारा निर्मित क्रान्तिकारी संयुक्त मोर्चा मार्फत् गरिने प्रभावकारी जुझारु जनसंघर्ष र प्रतिरोध संघर्षका बीचबाट देशभक्त, क्रान्तिकारी जनवादी तथा वामपन्थीहरूको स्वाधीन संयुक्त सरकार गठन गरिने छ। यस सरकारले संघर्षका उपलब्धिहरूको रक्षा सहित रास्ट्रियता, जनतन्त्र र जनजीविकाका विषयमा आधारित तात्कालिक कार्यक्रमको कार्यान्वयन गर्नेछ र पुरानो संविधान खारेज गरी दलाल तथा नोकरशाही पुँजीवाद, सामन्तवाद र साम्राज्यवाद विरोधी अन्तर्वस्तुमा आधारित जनसंविधानको निर्माणका लागि आधार तयार पार्नेछ। यो समग्र प्रक्रियामा संगठन र संघर्षका गतिविधिमा श्रेष्ठता हासिल गरी नेतृत्व लिनका लागि अथक परिश्रम गर्नु पर्नेछ। यस प्रकारको कार्यनीतिले एकातिर आमजनताका तात्कालिक हक, हित तथा अधिकारको प्राप्ति र अर्कोतिर संघीय जनगणतन्त्र हुँदै वैज्ञानिक समाजवादमा जानका लागि एउटा भऱ्याङको काम गर्नेछ।"

यो बैठकले कार्यनीतिक सरकारको यो नारालाई पारित गरी तदनुसार संयुक्त मोर्चा र संघर्षको योजना निर्माण गर्न पहल गर्नु पर्दछ।

१५. पार्टीले विगतदेखि हालसम्म हुँदै आएका भ्रष्टाचारका काण्डहरू र सरकार तथा नोकरशाही तन्त्रको उच्च ओहदामा बसेकाहरूको सम्पत्ति छानबीनका लागि शक्ति सम्पन्न आयोग गठनगरी तुरुन्त काम अगाडि बढाउन सरकारमाथि दवाव दिनु पर्दछ। साथै, पार्टीले शक्तिशाली आयोगहरू मार्फत् २३ गतेको गोलीकाण्ड, २४ गतेको आगजनी, लुटपाट र तोडफोडको सूक्ष्म छानबीन गरी दोषीमाथि कडा कार्बाहीको माग गर्दछ।

१६. जेन-जेडको नाममा जेन-जेडभन्दा बाहिरका विभिन्न स्वार्थ समूहहरूले रास्ट्रिय तथा निजी सम्पत्तिमाथि योजनाबद्ध लुटपाट, आगजनी र तोडफोड गरे। अहिले सरकारले त्यस्ता कार्यमा संलग्नहरूको छानबीन गरी कार्बाही चलाउने घोषणा गरेको छ। यो निर्णय सामान्यतः ठीकै छ। तर, कार्बाहीको प्रक्रियामा पर्दा पछाडि रहेर योजना बनाउने मुख्य अपराधिहरू छुट्ने र भिडको लहैलहैमा लाग्ने सर्वसाधारण नागरिकहरू मात्र कार्बाहीमा पर्ने स्थिति नहोस् भन्ने कुरातर्फ पार्टीले सम्बन्धित सबैको ध्यान आकृस्ट गर्दछ।

१७. पार्टीले देशको सार्वभौमिकताको रक्षा, प्रतिगमनप्रति सतर्कता र भ्रष्टाचार, महंगी तथा कालोबजारीका विरुद्ध केन्द्रित भई आ-आफ्ना विशेषता अनुसार राजनीतिक हस्तक्षेप र संघर्षका कार्यक्रम जारी राख्नु पर्दछ।

## क्रान्तिकारीहरूबीचको...

पुरीले पछिल्लो समयमा क्रान्तिकारीहरूबीच एकता जरुरी रहेको बताउनु भयो।

मार्क्सवादी एकता समाजका संयोज श्रीकान्त पण्डित, नेकपा (बहुमत) का कार्यालय सदस्य कृष्ण धमला, मार्क्सवादी महासचिव युवराज कफ्ले, नेकपा कार्यालय सदस्य इन्दिरा अधिकारी, समाजवादी कम्युनिस्ट पार्टीका कार्यालय सदस्य आशोक सुवेदी, नेकपा नेता शरणविक्रम मल्ल, स्वतन्त्र बाम बुद्धिजीवी भूमिनन्दा देबकोटा, डाइलेक्टीकल सोसाइटीका संयोजक विनोद लोहनी, नेकपा सचिवालय सदस्य पुस्कर गौतम र महादिप पोखरेलले परम्परागतभन्दा नयाँ तरिकाले कम्युनिस्टले एकता गरि क्रान्तिमा जुट्नु पर्ने धारणा राख्नु भएको थियो।

## समसामयिक...

अग्रगामी निकासको लागि सबै एकजुट भएर आन्दोलनमा उत्रिनु पर्ने आवश्यकतामाथि जोड दिनुभयो। जेन्जी आन्दोलनको नाममा भएको तोडफोड, आगजनी , संसद विघटन र सरकार परिवर्तनबारे गम्भीर छलफल भयो। नेकपा क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका नेतृत्वहरूले देशमा संसद पुनर्स्थापना भएपनि बारम्बार प्रतिगमनको खतरा रहिरहने भन्दै अग्रगामी निकासकोलागि र प्रतिगमनलाई रोक्न कम्युनिस्ट घटकहरूका बीचमा मतभेद भएपनि देशभक्त, वामपन्थी कम्युनिस्ट क्रान्तिकारीहरू मिलेर ठोस साझा निश्कर्षमा पुग्नु पर्ने र आन्दोलनलाई साझा बनाएर जानु पर्ने धारणा राख्नु भयो।

त्यस्तै नेकपा (मसाल)का नेता भैरव रेग्मीले आफ्नो पार्टीले प्रतिगमनको खतरा टरेको छैन भन्दै आएको र अहिलेकोलागि संसदको पुनर्स्थापना हुनु पर्नेमा पार्टी रहेको धारणा राख्नु भयो। आन्दोलनमा के कसरी जानसकिन्छ भन्नेबारे पार्टीले बैठक बसेर तय गर्ने कुरा नेता रेग्मीले राखेको स्थायी समिति सदस्य सन्तबहादुर नेपालीले जानकारी गराउनु भएको छ।


**यी जनपक्षीय मिडियाहरू खोजी खोजी पढौं !**

- www.moolbato.com
- www.hanktoday.com
- www.daunnenews.com
- www.isthaniyapatra.com
- www.navadristi.com
- www.hamrokalapani.com
- www.hamroonline.com
- www.newsabhiyan.com
- वर्गदृष्टि साप्ताहिक
- हाँक साप्ताहिक

# आलोपालो

## जेनजी आन्दोलन सफल वा धोका ?

**जेनजी आन्दोलनको लोकप्रियतालाई देखेर संसदवादी पुराना र नयाँ दलहरूले यसलाई आफ्नो पक्षमा मोड्ने कोशिश गरे । उनीहरूले आन्दोलनमा घुसपैठ गरे । आन्दोलनको नारा पनि चोरीरहेका छन् । आन्दोलनमा उनीहरूले जे–जे गर्नु पर्ने थियो, त्यही गरे ।**


● नरेन्द्रबहादुर थापा ●

नेपालको राजनीति पटकपटक जनआन्दोलनबाट हल्लिने गरेको छ। तर परिणाम हरेकपटक जनताको अपेक्षा विपरीत हुन पुग्दछ। २००७ सालदेखि २०३६ र २०४६ को जन आन्दोलनमा समेत यही भएको छ। २०६२/६३ को जनआन्दोलन पछि पनि जनताले खोजेको आमूल परिवर्तन पहुँच भन्दा अझै धेरै टाढा छ। नेपालको पछिल्लो राजनीतिक परिदृश्यमा यही भदौ २३ र २४ मा जेन-जी पुस्ताले गरेको आन्दोलनले आमूल परिवर्तनको लक्ष्य राखेको थियो। उक्त आन्दोलनले मुलुकको भविष्यप्रति जनमानसमा नयाँ आशा र विश्वास जगाएको थियो। पटकपटक जनताको त्याग, बलिदान र सङ्घर्षले परिवर्तनको ढोका खोल्ने काम त गरेको छ। तर, विडम्बना के छ भने देशीविदेशी प्रतिक्रियावादीहरूबाट आन्दोलनका मूल्य- मान्यतामाथि धोका दिने प्रवृत्ति तीव्ररूपमा बढेर गएको छ। प्रत्येक पटक सत्ताधारी वर्ग र देशी विदेशी प्रतिक्रियावादी शक्तिहरूले त्यो जनआन्दोलनलाई आफ्नो स्वार्थ अनुरूप मोडिदिने गरेका छन्। जसले गर्दा आन्दोलनप्रति धोका हुने गरेको छ। यस्तो धोका केवल बाह्य शक्तिबाट मात्र होइन, आन्दोलन भित्रै घुसपेठ गर्ने र आफ्नो स्वार्थ साँध्न खोज्ने शक्तिहरूबाट पनि भइरहेको छ।

२०७२ सालमा ल्याएको संविधानलाई "ऐतिहासिक उपलब्धि" भनेर प्रचार गरियो। तर वस्तुतः यही संविधानले जनताको आकांक्षा र मूल मर्मलाई धोका दिएको स्पस्ट देखिन्छ। अहिले पनि यही संविधानलाई कायमै राखेको हुनाले आन्दोलन र जनताप्रति धोका भएको छ।

त्यसैले पहिलो धोका यही प्रतिक्रियावादी संविधान हो। यो संविधानलाई कायम राख्नु जेन-जी आन्दोलन प्रति र जनताप्रतिको पहिलो र ठुलो धोका हो। भ्रष्टाचार, शोषण , असमानता र विदेशी निर्भरताको जरा नै यही प्रणाली हो। यो संविधानबाट भ्रष्टाचारीलाई कारबाही गर्ने र शोषणको संरचना भत्काउने बाटो खुल्दैन। यसरी यो संविधानलाई पहिलो दस्तावेजको रूपमा कायम राखेर प्रतिक्रियावादी शक्तिहरूले आन्दोलनको पहिलो उपलब्धि हरण गरिदिए।

यो षड्यन्त्र सत्तापक्ष र राज्य संयन्त्रको नियोजित चालबाट आएको देखिन्छ। जनताको उठानलाई दबाउन सरकारले कहिले, हिंस्रक दमन, कहिले चलाख प्रचार र कहिले झुटा आश्वासन मार्फत आन्दोलनलाई दिशाहीन बनाउन खोजेको छ। आन्दोलनका नेतृत्वकर्तालाई "अराजक" "देशद्रोही" वा "अपरिपक्व" ठहर गर्दै आन्दोलनप्रति जनसमर्थन कमजोर पार्ने षड्यन्त्र चलाइँदैछ।

भ्रष्टाचारीलाई उन्मुक्ति दोस्रो धोका हो। आन्दोलनले खोजेको पहिलो उपलब्धि थियो- भ्रष्टाचारमुक्त समाज। जनताले सडकमा आक्रोश पोख्दा, नारा लगाउँदा *बाँकी ७ पेजमा*


## चाडपर्वको बेला सुरक्षित यात्रा गरौं

**चाडपर्वमा यात्रुको चाप बढ्ने भएकाले,**

- सवारीसाधनमा अनावश्यक भिडभाड नगरौं,
- सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं र नचढौं,
- आवश्यक संख्यामा सवारीसाधन सञ्चालन गरौं,
- सवारीसाधनको छतमा बसेर यात्रा नगरौं,
- सवारीसाधनको नियमित मर्मत तथा परीक्षण गरौं,
- मादकपदार्थ/लागुपदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,

**दुर्घटनाबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**


# इजरायली बन्दुकसँग नझुकेको गाजाको पत्रकारिता


● नेसरिन मलिक ●

मैले पहिलोपटक गत वर्षको जुलाईमा अल जजिराको गाजा टोलीका प्रमुख तामेर अलमिसाललाई भेटेकी थिएँ। उनको टोलीले हालै दुई पत्रकार हमजा अल-दहदौह र समेर अबु दक्काको शवको अन्त्येष्टि गरिसकेको थियो। टोलीका बाँकी पत्रकार भोकमरीले ग्रस्त थिए। टोलीका सदस्यले इजरायली रक्षा बल (आइडिएफ)बाट बारम्बार धम्की र आफ्नो परिवारका सदस्यको हत्याको सामना गरिरहेका थिए। स्माइल अल-घौलले महिनौंदेखि आफ्नी श्रीमती र बच्चा देख्न पाएका थिएनन्, उनीहरूलाई निकै 'मिस' गरेका थिए। त्यस्तै, अन्य पत्रकार होसम सबात, मोहम्मद कुरैकिया र अनस अल सरिफले रिपोर्टिङ सुरु गर्नुअघि बिहानको खाना सुरक्षित गर्न समय मागिरहेका थिए। अफसोच ! आज, तिनीहरू सबैको मृत्यु भइसकेको छ।

श्रीमती, तीन छोराछोरी र नाति गुमाएका गाजाका अनुभवी पत्रकार वायल अल दहदौहको प्रोफाइल लेख्दै गर्दा मैले गाजा टोलीका विभिन्न सदस्यसँग कुराकानी गरेकी थिएँ। विभिन्न जोखिमका बाबजुद आफ्नो कर्तव्य पूरा गर्नुपर्ने उनीहरूको भनाइ थियो। त्यस टोलीका तीन सदस्य त्यसपछि भएका हत्याको शृंखलामा मारिएका छन्। मैले प्रत्येकपटक समवेदना पठाउँदा प्रतिक्रिया सधैं यो थियो कि युद्धको कभरेज बन्द हुनेछैन। 'हामी युद्धबारे समाचार निरन्तर समेट्नेछौं,' सरिफ, मोहम्मद नोफल, इब्राहिम थाहेर र क्रायकियाको ज्यान लिने गरी भएका हमलामा आफ्नो सम्पूर्ण टोली गुमाएपछि अलजजिराका सम्पादकले गत हप्ता मलाई भने, 'हामी उनीहरूको सन्देश वा उनीहरूको अन्तिम इच्छालाई धोका दिनेछैनौं।'

यी हत्याले संसारलाई चकित पारेको छ। तर, इजरायलीको भनाइमा मारिएकामध्ये केही पत्रकार 'आतंकवादी' थिए। गाजामा पत्रकारिताको क्षमताबारे थोरै मात्र भनिएको छ। असम्भव परिस्थितिमा पनि गाजाका पत्रकार धाराप्रवाह, स्पष्ट र स्थिर छन्। तिनीहरूले दैनिकजसो आक्रमण हुने सैन्य आधारमा भएका भयानक घटना र पीडा कैद गर्न पोख्त छन् र आफूलाई शान्त राख्न प्रयत्नशील छन्। म प्रायः तिनीहरूका शब्दलाई अंग्रेजीमा अनुवाद गर्न संघर्ष गर्थें, तिनीहरूको अभिव्यक्ति विस्तृत छ।




गाजामा र त्यहाँबाट आएका पत्रकारसँग कुरा गर्दा मलाई के लाग्छ भने उनीहरू हृदयविदारक रूपमा आदर्शवादी छन्। पत्रकारिता उनीहरूको लागि कर्तव्य थियो, तथापि यसको अर्थ मृत्यु निश्चित थियो। मारिएका सबैसँग विकल्प थियो, जो अझै जीवित छन् र रिपोर्टिङ गरिरहेका छन्, उनीहरूसँग पनि अझै विकल्प छ। आफूलाई विगत दुई वर्षमा इजरायली अधिकारीले धेरैपटक धम्की दिएका सरिफले बताए। उनलाई इजरायली गुप्तचर संस्थाले चेतावनी पठाएको र रिपोर्टिङ बन्द गर्न भनेको थियो। जब उनले अस्वीकार गरे, उनका बुबा हवाई आक्रमणमा मारिए। गत वर्षको सुरुमा घोलले पदभार ग्रहण गर्दा उनलाई कडा चेतावनी दिइएको थियो। पद छाडेर घर गए, उनलाई केही नगर्ने सुझाइएको थियो। तर, उनले चेतावनी बेवास्ता गरे। फलस्वरूप लक्षित हमलामा उनको शिर काटियो।

इजरायली सरकारबाट भएका पत्रकारको शृंखलाबद्ध हत्या केवल घृणित रिपोर्ट र फुटेजको प्रवाह रोक्नु मात्र होइन, बरु मिडिया पेसेवरले दिने प्यालेस्टिनीहरूको तस्बिरलाई नै नष्ट पार्नु हो। गाजाका पत्रकारले आफ्ना रिपोर्ट र सामाजिक सञ्जाल पोस्टमा विश्वसनीयता कायम गर्नुपर्छ। गाजा लडाकुले भरिएको ठाउँ हो, जहाँ कुनै भरपर्दो कथावाचक छैनन् र हत्या र भोकमरीका लागि इजरायलको औचित्यलाई साक्षीले चुनौती दिन सक्दैनन्, जसका कारण इजरायलले आफ्नो नरसंहार अभियानलाई त्यति नै सजिलै सञ्चालन गर्छ।

प्लस ९७२ म्यागजिन र लोकल कलले हालै गरेको संयुक्त अनुसन्धानले इजरायली सेनाको एकाइ 'वैधीकरण सेल'लाई भयानक नाम दिइएको पहिचान गरेको छ, 'इजरायलले पत्रकारको हत्या गरेकामा बढ्दो विश्वव्यापी आक्रोशलाई कम गर्न गाजामा रहेका पत्रकारलाई हमासका गोप्य कार्यकर्ताको रूपमा चित्रण गरेको प्रतिवेदनमा उल्लेख छ। अनुसन्धान स्रोतका अनुसार 'गाजामा रहेका पत्रकारले विश्वसामु इजरायलको नाम बदनाम गरिरहेको' प्रतिवेदनमा जनाइएको छ।

आइडिएफका अनुसार 'शंकास्पद रूपमा अगाडि बढिरहेको' कारणले आपत्कालीन कामदारलाई समेत मृत्युदण्ड-शैलीले नियन्त्रणमा लिइएको थियो। उता सहायताका लागि कतारमा लाइनमा बसेका प्यालेस्टिनीलाई इजरायली सेनाले नभई हमासले गोली हानेको इजरायलले दाबी गरेको छ। इजरायलले प्रणालीगत छल गरेको छ। अझै पनि हामीलाई भनिएको छ कि इजरायलले त्यस्ता पत्रकारलाई मारेको छ, जो लडाकु थिए।

सत्य यो हो कि गाजाका पत्रकारलाई पश्चिमी मिडियाका धेरै सहकर्मीले व्यापक असफल बनाएका छन्, केवल उनीहरूको हत्याको रिपोर्ट गर्ने तरिकामा मात्र होइन, बरु सम्पूर्ण द्वन्द्वलाई कसरी वर्णन गरिन्छ भन्ने सन्दर्भमा। गाजामा मृत्यु भएका र भोकमरीले पीडितको तथ्यांक प्रायः 'हमासद्वारा सञ्चालित' मन्त्रालयबाट आएको रूपमा वर्णन गरिन्छ। तर, इजरायली अधिकारीबाट आउने बयानलाई तपाईंले क्रमिक रूपमा अविश्वसनीय रूपमा सावधान गरिएको वा बेन्जामिन नेतन्याहुको नामसँग जोडिएको 'अन्तर्राष्ट्रिय फौजदारी अदालतद्वारा खोजिएको' वाक्यांश देख्नुहुन्न। स्मरण होस्, अन्तर्राष्ट्रिय फौजदारी अदालतले नेतन्याहुलाई यसअघि नै पक्राउ पुर्जी जारी गरेको छ। यसैबिच, प्यालेस्टिनी पत्रकारको शब्द कहिल्यै पर्याप्त हुँदैन, जबसम्म विदेशी मिडिया (जसलाई गाजामा प्रवेश गर्न अनुमति छैन) ले अन्तिम सुनौलो मानकको फैसला दिन सक्दैन। तिनीहरूलाई (प्यालेस्टिनी पत्रकारलाई) पत्रकारिताको ढाँचाबाट बाहिर निकालिन्छ, तिनीहरूले उजागर गरेको सत्यत्य तिनीहरूको शवसँगै गाडिन्छ।

जे भए पनि गाजामा सधैं कोही न कोही साहसी र स्पष्ट आँखा भएको व्यक्ति हुनेछ, जसले आक्रमणको कभरेज र सत्यलाई निरन्तरता दिनेछ। उनीहरूको आवाज र सास घेरिएको भए पनि गाजामा भएका घटनाको वास्तविकता संसारलाई बुझाउने जिम्मेवारी उनीहरू एक्लै वहन गरिरहेका छन्।

*(लेखक मलिक गार्जियनकी स्तम्भकार हुन्।)*

## कम्युनिस्ट...

संयोजक लोकनारायण सुवेदीले गरेका थिए। कार्यक्रममा विभिन्न कम्युनिस्ट पार्टीका प्रतिनिधित्व गर्दै वक्ताहरुले मन्तव्य राखेका थिए।

कार्यक्रममा क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालकातर्फबाट स्थायी कमिटी सदस्य राम सिङ श्रीसले मन्तव्य राखेका थिए। श्रीसले नेपाल कम्युनिस्ट पार्टीलाई एकताका लागि शुभकामना र कार्यक्रम आयोजनाका लागि धन्यवाद दिएका थिए। उनले कम्युनिस्टहरुको एकताको आवश्यकता जबसम्म समाजमावर्ग व्यवस्थाछ तबसम्म रहेको बताए। उनले यस विषयमा छलफल, अन्तरक्रिया वृहद रुपमा संचालन गर्नु पर्ने सुझावदिए। साझा सहमतिलिएर गएमात्र पार्टी एकताको आधार बन्ने र एकताको कुरा गर्ने तर साझा कार्यक्रममा जाननसके व्यर्थ हुने श्रीसले बताए। भावनामा बगेर मात्रएकता सम्भवनहुने ,साझा कार्यक्रमको आवश्यकता पर्ने उनले बताए। क्रान्तिकारी कम्युनिस्ट पार्टीले एकताकालागि प्रयत्न र प्रयास गर्न तथा कम्युनिस्टहरु एक भएर अघि बढ्नुपर्ने उनको भनाइ थियो।

नेकपा (बहुमत)का वक्ता कृष्ण धमलाले यस विषयमा धेरै छलफल गर्नु पर्ने बताए। संघर्ष भएपनि निश्कर्षमा पुग्नसकेको बताए। साम्राज्यवाद कुनतहमा छ भन्ने मूल्याङ्कन गर्नु पर्ने आवश्यकता रहेको धमलाले बताए। उनले जेन्जी आन्दोलनमा विज्ञान र प्रविधिको भ्रष्टाचार विरुद्ध आन्दोलनमाप्रयोग भएको कुरा सह्रानीय रहेको बताए।

यस बावजुद २४ गते भएको विध्वंश र राज्यकाअंगहरु असफलभएको साम्राज्यवादको योजनामा भएको बताए। यो कुरा सबैकम्युनिस्टहरुले मनन गर्नु पर्ने बताए। वक्ताहरु मध्ये संगीतश्रोताले आठ दशकमा कम्युनिस्ट आन्दोलन विभिन्न उतारचढाव पार गर्दै आएको बताए। कम्युनिस्ट पार्टीको फुटबारे वैचारिक अध्ययन गर्न आवश्यक भएको उनले बताए। कम्युनिस्ट आन्दोलन कता चुकेको मूल्याङ्कन गर्नुपर्ने कुरा संगीतले राखेका थिए।

कार्यक्रममा भूमिनन्द देवकोटाले कम्युनिस्ट जनवादी केन्द्रीयताको नयाँ परिभाषा हुनु पर्ने बताए। जनताको आवश्यकता कस्तो छ भन्ने कुरामा ध्यान दिए मात्र क्रान्ति सम्भव हुने उनले मन्तव्यको क्रममा जोड दिए। देवकोटाले नयाँ पुस्तालाई प्राथमिकता दिनुपर्ने बताए।

नयाँ जनवादी मोर्चा नेपालका वक्ता दिनेश बर्तौलाले कम्युनिस्ट एकता दलालपुँजीवादी सत्ताकोलागि मलजलका लागि नभएर सर्वहाराको निम्ति हुनुपर्ने बताए। हामी कम्युनिस्ट क्रान्तिकारी हो वा होइन मूल्याङ्कन गर्नु पर्ने अथवा एकता सम्वभन हुने उनले बताए। वर्तौलाले पुराना नेताले मात्र नेतृत्व गरेर क्रान्ति सम्भव नहुने कुरा राखे। उनले जेन्जी आन्दोलनका क्रममा मृत्युहुनेलाई श्रद्धान्जली तथा घाइतेलाई शीघ्रस्वास्थ्यलाभको कामनाव्यक्त गरे।

समाजवादी कम्युनिस्ट पार्टी नेपालकावक्ता अशोक सुवेदीले "जनतामा जाउँ जनताको सेवा गरौं " भन्ने पार्टीको तत्कालीन नारा भएको बताए। अब "युवामा जाउँ" भन्ने नारा पास गरेको जानकारी दिए। उनले राष्ट्रिय र अन्तर्राष्ट्रिय कम्युनिस्ट एकताको आवश्यकता रहेको बताए। जेन्जीको आन्दोलन हाइज्याक भएको उनको भनाइ छ। सुवेदीले इतिहासलाई समीक्षा गर्दै राष्ट्रियता र जनजिविकालाई ध्यानमा राखि एकतातर्फ लाग्नुपर्ने बताए। उनले आफ्नो पार्टी निरपेक्ष होइन सापेक्ष समाजलाई वैज्ञानिक समाजवादतर्फ लैजाने एकताको पक्षमा रहेको बताए।

नेकपा (मार्क्सवादी) का वक्ता युवराज काफ्लेले यतिखेर कम्युनिस्ट पार्टी एकताको आवश्यकता रहेको बताए। नेपाल कम्युनिस्ट पार्टीकीवक्ताइन्दिरा अधिकारीले कम्युनिस्ट एकताअनिवार्य आवश्यकताहो र अरु विकल्प नरहेको बताइन्।

युगसँगै बदलिनुपर्ने र कम्युनिस्ट आन्दोलन पुनर्गठनको दिशातर्फ जानुपर्ने वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीका वक्ताजागृत रायमाझीले बताए। कार्यक्रममाविनोद लोहोनीले कार्यक्रमको एकतानभइ संगठनको एकतानहुने धारणा राखे।

महाविर पोख्रेलका अनुसार जेन्जीको आन्दोलनबाट नेपालका कम्युनिस्ट पार्टीहरु असफलभएको प्रमाणित भएको छ। क्रान्तिकारी पार्टीहरुबीच सँधै फुट भयो। नयाँ पुस्तामाजानस पर्ने समयमाआफ्नो विचार पुऱ्याउन सकिएन। नयाँ ढंगले एकता गर्नु पर्ने समय आएको छ। क्रान्तिको विश्वव्यापीकरण हुनुपर्छ।

मार्क्सवादी एकता समाजका वक्ता श्रीकान्त पण्डितले नयाँ ढंगबाट सोच्न नसके पुनर्गठन सम्भव नहुने बताए। नेकपा (मसाल)का पवक्ता रामप्रकाशपुरीले कम्युनिस्ट एकताकालागिकार्यक्रम थाहा हुन पर्ने बताए।नेकपाका सचिवालय सदस्य शरण विक्रममल्लले युवा पुस्तालाई हामीजनताको पक्षमा लडेका हौं भन्ने सिकाउन पर्ने बताए। नेकपाका सचिवालय सदस्य नारायण शर्माले व्यक्तिवादले कम्युनिस्ट आन्दोलन खुकुलो पारेको र पूर्वाग्रह नराखेमा मात्र एकतामा अघि बढ्न सकिने बताए। उनले नेता प्रधान नभएर नीति प्रधान रहेको बताए। कार्यक्रमकाअध्यक्ष नेकपाका संयोजकलोकनारायण सुवेदीले कम्युनिस्ट आन्दोलन जनता,किसान ,महिला ,बुद्धिजीवि र युवाको बीचमा पग्नु आवश्यक रहेको बताए। उनले जेन्जीको आत्मवलिदानलाई सम्मान गर्नु पर्ने यद्यपि वलिदानको गलत फाइदा उठाइएको कुरा व्यक्त गरे। सुवेदीले वक्ताहरुले राखेका कुरा प्रेरणादायी र महत्वपूर्ण रहेको बताए। कम्युनिस्टहरु एकजुट हुनुपर्नेकुरा मध्यनजर गरेर कार्यक्रमआयोजना गर्नुपर्ने उनको भनाई छ।

कार्यक्रममा पुनरावलोकन काक्रममा सहभागीहरुका तर्फबाट दीपेन्द्र वस्नेत ,हेम बहाादुर सुनुवार र उषा तितिछुले कम्युनिस्ट एकताको पक्षमा आआफ्ना भनाइ राखेका थिए।






**प्रकाशक** : वर्गदृस्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi2073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।